मजदुर
The Worker Daily दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।

❖आगो तथा हीटर नजिकबाट नतापौं।
❖कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं।
❖कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
❖आगो तथा हीटर बन्द गरेर मात्र सुतौं।
❖बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
❖बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछोडौं।
❖घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
❖आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



★ वर्ष : २७ ★ अङ्क : ३३१ ★ ने. सं. ११४६ थिंला गा, औँशी ★ शुक्रबार ★ ४ पुस, २०८२ ★ December 19, 2025, Friday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८


## शासक राजनैतिक दलका महाधिवेशनहरू

काठमाडौँ, १३ पुस । सामान्यतया राजनैतिक दलका कार्यकर्ता र समर्थकहरूमा आमसभा, जनसभा, कोणसभा, क्षेत्रीय भेला, जिल्ला सम्मेलन, महाधिवेशन (काङ्ग्रेस), प्लेनम - राष्ट्रिय परिषद् आदि बैठक र भेलाहरूको नामबाट अलमलिएका धेरै उदाहरणहरू छन् । यसबारे केन्द्रीय स्तरका नेताहरूले पनि चासो नै नलिएको प्रस्ट छ ।

राणाविरोधी प्रजातन्त्रका निम्ति सङ्घर्ष गर्ने नेपालका पुराना दलहरूमध्ये प्रजापरिषद्बाहेक नेपाली राष्ट्रिय काङ्ग्रेस, नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टीसमेतका सुरुका नेता र कार्यकर्ताहरू भारतमै शिक्षा प्राप्त गरी भारतमा रही राणाविरोधी सङ्घर्षमा सामेल भएका थिए । तिनीहरूको अध्ययन, सङ्गत, परिवेश र राजनीति भारतीय स्वतन्त्रता आन्दोलनकै सेरोफेरोमा घुमिरहन्थ्यो । यसकारण, राणाविरोधी ‘कानुनीराज’ को निम्ति सत्याग्रह वा पक्राउमा परेका कार्यकर्ताहरू ‘इन्क्लाव जिन्दावाद !’, ‘राणा शाही मुर्दावाद !’ र ‘कानुनीराज जिन्दावाद !’ आदि नारा लगाउँथे । अलि होलो भएको बेला ‘.... टोलमा आज ३ बजे आमसभा हुँदै छ, भेला हुनु होला’ भनी पोस्टर र पर्चा टाँसिएको हुन्थ्यो वा सानो ध्वाङ्मा सूचना प्रसार गर्दै तोकिएको ठाउँमा पुग्थे । भारतीय स्वतन्त्रता आन्दोलनको बेला भारतमा प्रयोग गरिने ‘आमसभा’, ‘इन्क्लाव’ आदि उर्दू र फारसीबाट आउने शब्दहरू कार्यकर्तालाई जे-जे अर्थ होला भन्ने लाग्थ्यो त्यही त्यही भन्थे !

त्यसको परिणाम ‘हकिकत’, ‘मक्सद’, ‘गद्दार’ शब्दहरूको अर्थबारे गाउँ र नगर स्तरका धेरै कार्यकर्ताहरू अनभिज्ञ थिए । यसले थाहा हुन्छ - पुराना सबैजसो राजनैतिक पार्टीका नेताहरू मनोगतवादी वा आत्मकेन्द्रित थिए । उनीहरू गाउँ र गल्लीका कार्यकर्ताहरूको सैद्धान्तिक र राजनैतिक स्तर उकास्नेमा ध्यान दिँदैनथे । त्यसको परिणाम गरिब र पछि परेका जनता र कार्यकर्ताहरू झन्झन् पछि पर्दै छन्, दुई-तीन पुस्तापछि पनि । यसमा जातीय भावनाले पनि काम गरेको प्रस्ट हुन्छ ।

XXX

नेकपाको दोस्रो महाधिवेशन फोहरा दरबारमा भएको थियो । महाधिवेशनको मुख्य छलफल ‘राजतन्त्र’ र ‘गणतन्त्र’ हुन्थ्यो । देशमा राणाहरू मात्रै जनतामाझ बदनाम भएको हुँदा मुख्य शत्रु राजा होइन भन्ने नीति पारित गरियो । डा. केशरजङ्ग रायमाझी महासचिवमा चुनिए; २०१७ सालपछि नेकपा छिन्नभिन्न भयो । त्यसबेला रायमाझीले ‘राजालाई जीवित सत्य हो’ भने ! रायमाझीलाई ‘विश्वासघाती’, ‘राजावादी’ र ‘गद्दार’ भनियो । तर, मनमोहन प्रधानमन्त्री हुँदा राजाबारे उनले पनि डा. रायमाझीकै भाषा बोले । आश्चर्य छ, डा. रायमाझीले राजाको पक्ष लिँदा उनी ‘राजावादी’ भए । तर, मनमोहनले ‘राजा जीवित सत्य हो’ भन्दा मनमोहन र एमाले पार्टी कसरी क्रान्तिकारी भए !? अहिले एमालेका सबै पक्षले सैद्धान्तिक र नीतिगत दृढता नदेखाएको ‘महाधिवेशन’ एक तगारा (जात्रा) मात्रै साबित हुन्छ । सिद्धान्तमा अडिग भएन भने एमाले सारमा ‘कम्युनिस्ट’ नभई ‘भाइकाङ्ग्रेस’ साबित हुनेछ । सत्य त्यहीँ हो, जेन-जीलाई नेपाल निम्त्याउने दुई शासक दल नै साबित हुन्छ ।

राजनैतिक दलहरूको जात्रा त त्यसबेला देखापर्छ जब हरेक गाउँ समितिको बैठकलाई ‘सम्मेलन’ को संज्ञा दिइन्छ । त्यस्तै, नगरका हरेक स-साना वडाका सबै सदस्यहरू जम्मा भएर गरिने साधारणसभालाई सम्मेलन भनिन्छ । सम्मेलनमा सदस्यहरू धेरै भएमा ठाउँ र सङ्ख्याको आधारमा ‘प्रतिनिधि’ हरू छानिन्छन् । त्यसो भए ५० जनाको सदस्य संस्थालाई ‘प्रतिनिधि’ बताइन्छ र साधारण सदस्य र समर्थकहरूसमेत ‘अधिकार सम्पन्न’ प्रतिनिधि बताइन्छ ।

त्यस्तै, जिल्लाको पनि ‘महाधिवेशन’ र गाउँपालिकामा पनि कुनै राजनीतिक पार्टीको ‘महाधिवेशन’ र ‘राष्ट्रिय सम्मेलन’ भनियो भने निर्वाचन आयोगको आँखा कुन बेला खुल्ने हो - पहिल्यै विचार गर्नु आवश्यक छ । त्यस्तै, २०१२-०१३ सालमा ‘नेपाल कम्युनिस्ट पार्टी’ को ‘महाधिवेशन’ (काङ्ग्रेस).. हुँदै छ भन्ने पोस्टरबारे एकजना समर्थकले पार्टी कार्यकर्ता (सदस्य) लाई भन्दै थिए, “सबै ठीक छ, धेरै वर्षदेखि चन्दा दिन्छु, तर ‘कम्युनिस्ट पार्टी’ अहिले ‘काङ्ग्रेस’ कसरी भयो ? मलाई चित्त बुझेन ।” कार्यकर्ताले केही बोल्नै सकेन किनभने उनलाई पनि राम्रो जानकारी थिएन होला !

XXX

फरक-फरक विषयका भेलालाई ‘कन्फ्रेन्स’ भनेजस्तै विभिन्न देशका दलहरूको पनि कन्फ्रेन्स (सम्मेलन) र काङ्ग्रेस (महाधिवेशन) भन्ने गरिन्छ । तर, कहिलेकाहीँ फरक-फरक अर्थ दिन्छ ।

नेपाल, एसिया र अन्य देशमा कम्युनिस्ट पार्टीहरूको ‘महाधिवेशन’ (काङ्ग्रेस) सदस्यता सङ्ख्याको आधारमा प्रतिनिधि बोलाइन्छ - १०० सदस्यमा एक वा हजार सदस्य सङ्ख्यामा एक - त्यहाँको परिस्थितिअनुसार निर्धारण गरिएको हुन्छ । महाधिवेशनको २-४ महिना पहिले नै महाधिवेशनको निम्ति


***बाँकी पृष्ठ ८ मा***


## प्रभातमा शैक्षिक प्रदर्शनी

## विद्यार्थीलाई देशभक्त र सुसंस्कृत बनाउनु जरुरी

भक्तपुर, ३ पुस । प्रभात इङ्गलिस सेकेन्डरी स्कूलमा अध्ययनरत कक्षा ६ र ७ का विद्यार्थीहरूको सृजनशीलताका साथै शैक्षिक प्रदर्शनी कार्यक्रम विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, विद्यार्थी, शिक्षक-शिक्षिका र अभिभावकहरूको सहभागितामा बिहीबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले विद्यार्थीहरूको सृजनशीलताको विषयगत प्रदर्शनी विद्यार्थीको विचारको प्रदर्शनी भएको बताउनुभयो ।

उहाँले विद्यार्थीहरूले पढेलेखेका कुरा अरूलाई निर्धक्क भएर अन्तरक्रियात्मक ढङ्गबाट सहजै बुझाउन सक्ने भएको खण्डमा शिक्षकको सिकाइले विद्यार्थीहरूले सार्थकता पाउने स्पष्ट पार्नुभयो ।

उहाँले ६/७ कक्षाका विद्यार्थीलाई पर्याप्त निद्रा, पोषणयुक्त खाना र शारीरिक व्यायाम जरुरी हुने भएकोले विद्यालय र अभिभावकहरू यसबारे सचेत हुनुपर्ने




औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, “विद्यार्थीहरुलाई विषयवस्तुमा दक्ष बनाउनुको साथै देशभक्त र सुसंस्कृत बनाउन जरुरी छ ।”

विद्यालयको शैक्षिक प्रदर्शनी कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य लक्ष्मीभक्त बासुकला, प्राचार्य बदनकेशरी प्रजापति, साहित्यिक प्रशिक्षक दीनानाथ पौडेल, देवना जोशी र अनिता देशेमरुलगायतले बोल्नुभएको थियो ।

गणेश मावि भार्वाचो, शारदा मावि र गणेश मावि छालिङका विद्यार्थीहरू अवलोकनमा आएका थिए ।

## भक्तपुरमा १३औँ घरेलु उत्पादन प्रवर्द्धन मेला सुरु




भक्तपुर, ३ पुस । भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको आयोजनामा उद्योग वाणिज्य कार्यालय र गो लोकलको सहकार्यमा भक्तपुरको संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धनका लागि भन्दै तीनदिने मेला बिहीबारदेखि घरेलु उत्पादन मेला सुरु भयो ।

न:पुखु परिसरमा सञ्चालित तीनदिने घरेलु उत्पादन मेलाको उद्घाटन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गर्नुभयो ।

कार्यक्रममा उहाँले घरेलु उद्योगहरूले देशका धेरै युवाहरूलाई रोजगारी प्रदान गरिरहेको बताउँदै हाम्रा उत्पादनहरू विश्व बजारमा पुऱ्याउन सङ्घ र प्रदेश सरकारले सहयोग गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर धेरै घरेलु उत्पादन हुने ठाउँ हो भन्दै उहाँले भक्तपुरमा ससाना मेला तथा उत्सवहरू समय समयमा भइरहको बताउनुभयो ।


***बाँकी पृष्ठ ८ मा***



**भक्तपुर उद्योग वाणिज्य संघ**

**३८ औं वार्षिक साधारणसभासम्बन्धी सूचना**

यस संघको मिति २०८२/९/२ गते बुधबार बसेको १५ औं कार्यसमिति बैठकको निर्णयबमोजिम ३८ औं वार्षिक साधारणसभा तथा अधिवेशन यही मिति २०८२/९/२५ र २६ गते आयोजना हुने भएको व्यहोरा संघका सम्पूर्ण सदस्यहरूमा जानकारी गराइन्छ । साथै यससम्बन्धी पत्रहरू बहालवाला सम्पूर्ण सदस्यहरूलाई समयमा नै पठाइसकिएको छ । यदि सोपत्र प्राप्त नभएको खण्डमा यसै सूचनालाई आधार मानी सहभागी भइदिनुहुन अनुरोध गरिन्छ ।

**साधारणसभासम्बन्धी जानकारी**

१. साधारणसभामा भाग लिन संघका सदस्यहरूका आ-आफ्नो फर्म, उद्योग, संघ-संस्थाको सदस्यता आ.व. २०८२/०८३ सम्मका लागि नवीकरण भएको हुनुपर्नेछ ।
२. सभामा छलफलको लागि कुनै प्रस्ताव भए सो प्रस्तावसमेत २०८२।९।१७ गते बिहीबार अपरान्ह ४:०० बजेभित्र संघ सचिवालयमा दर्ता गराइसक्नुपर्नेछ । उक्त समयपश्चात् आउने कुनै पनि प्रस्ताव ग्राह्य हुनेछैन ।
३. संघका प्रत्येक सदस्यहरूले सदस्य आफैले वा प्रतिनिधि नियुक्त गरी भाग लिन संघद्वारा उपलब्ध गराइएको आधिकारिक प्रतिनिधिपत्र तोकिएको दस्तुरसहित अनिवार्यरूपमा मिति २०८२।९।२० गते आइतबार अपराह्न ४:०० बजेभित्र संघ सचिवालयमा दर्ता गराइसक्नुपर्नेछ ।
४. साधारणसभामा भाग लिने प्रतिनिधि परिवर्तन गर्नुपर्ने भएमा साधारणसभा हुनुभन्दा ७२ घण्टा अगाडि संघमा सोको लिखित जानकारी दिनुपर्नेछ अर्थात् मिति २०८२।९।२१ गते सोमबार अपराह्न ४:०० बजेभित्र संघ सचिवालयमा दर्ता गराइसक्नुपर्नेछ ।

***३८ औं वार्षिक साधारणसभामा कार्यसमितिको निर्वाचन सम्पन्न हुने हुँदा निर्वाचन कार्यक्रमसम्बन्धी जानकारी संघको सूचना पाटीमा मिति २०८२/९/११ गते शुक्रबारका दिन प्रकाशित गरिनेछ ।***

**साधारणसभा हुने**

| | |
|---|---|
| उद्घाटन मिति | : २०८२/९/२५ गते, शुक्रबार |
| समय | : बिहान ११:०० बजेदेखि |
| स्थान | : जर्मन होम्स होटल, मध्यपुर थिमि नपा-३, भक्तपुर |

***विस्तृत जानकारीको लागि संघ सचिवालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।***

**महासचिव**

**फोन नं. ६६११३४८, ६६१४८५१**

# नगर प्रमुख प्रजापति र दमक नपाका प्रमुख रामकुमार थापाबिच भेट



भक्तपुर, ३ पुस । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग झापाको दमक नगरपालिकाका नगर प्रमुख रामकुमार थापा नेतृत्वको जनप्रतिनिधि र कर्मचारीहरूको टोलीले भनपा सभाकक्षमा भेट गर्‍यो । नगर प्रमुख प्रजापतिले टोलीलाई खादा र भादगाउँले टोपीले नगरपालिकामा स्वागत गर्नुभयो ।

सोही क्रममा नगर प्रमुख प्रजापतिले नगरको भौगोलिक, ऐतिहासिक, सांस्कृतिक र जनसाङ्ख्यिक विवरणको जानकारी गराउँदै फोहोर व्यवस्थापनबारे मौलिक अभ्यासको जानकारी गराउनुभयो ।

'सय वर्षपछिको भक्तपुर' पुस्तकको चर्चा गर्दै उहाँले पुस्तकका लेखक नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँले परिकल्पना गरेअनुसार शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, संस्कृति उत्थानको क्षेत्रमा भक्तपुर नपाले गर्दै आएको मुख्य मुख्य गतिविधिबारे जानकारी दिनुभयो ।

शैक्षिक ऋण, छात्रवृत्ति प्रदान गरी विपन्न वर्गलाई शिक्षामा पहुँच पुर्‍याउँदै आएको चर्चा गर्दै शिशुशालादेखि कलेजसम्म सञ्चालन गरी उच्च गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको जानकारी गराउनुभयो ।

नगरपालिकाले आत्मनिर्भर हुँदै उपभोक्ता समितिमार्फत २०७२ सालको भूकम्पले क्षति पुर्‍याएका सांस्कृतिक र ऐतिहासिक १६९ वटा सम्पदाहरू जीर्णोद्धार र पुनःनिर्माण सम्पन्न गरिसकेको उहाँले जानकारी गराउनुभयो ।

ख्वप टीभी, ख्वप एफएम, भक्तपुर मासिक, ख्वप पौ पाक्षिक पत्रिका, फेसबुक पेज, वेभसाइट, अनलाइन पत्रिकामार्फत पारदर्शी ढङ्गले नगरपालिकाका गतिविधिहरू सार्वजनिक गर्दै आएको प्रमुख प्रजापतिले बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालले घरदैलो नर्सिङ सेवाबाट घरघरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्दै आएको र स्वास्थ्यसम्बन्धी आधारभूत तथ्याङ्क सङ्कलन गरिरहेको जानकारी गराउनुभयो । कोरोना महामारीको सामना गर्न ख्वप अस्पताल सुरु गरेको स्मरण गर्दै उहाँले उक्त अस्पतालले कम शुल्कमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आएको जानकारी गराउनुभयो ।

दमक नपाका प्रमुख रामकुमार थापाले भक्तपुर नपाको स्वागत र आत्मीयताको लागि धन्यवाद ज्ञापन गर्दै शिक्षा, स्वास्थ्य क्षेत्रमा भनपाको असल अभ्यासको स्थलगत अवलोकन गरी सिकाइको लागि ख्वप अस्पताल भ्रम्णको लागि भक्तपुर भ्रमणमा आएको जानकारी गराउनुभयो ।

उहाँले दमकमा २५ शय्याको अस्पताल सञ्चालनको क्रममा रहेको र केही वर्षभित्र १०० शय्याको अस्पतालको रूपमा स्तरोन्नति गर्ने प्रयासरत रहेको जानकारी गराउनुभयो ।

भक्तपुर नपाले स्थानीय सरकारको रूपमा उदाहरणीय काम गरिरहेको अनुभव गरेको बताउँदै उहाँले शिक्षा र स्वास्थ्यलाई व्यवसायीकरण गर्न दिन नहुने र यसको लागि तीनै तहको सरकारले काम गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

प्रमुख थापासहितको टोलीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल, ख्वप बहुप्राविधिक अध्ययन संस्थान, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इ., ख्वप कलेज अफ ल र ख्वप कलेज/ख्वप माविको स्थलगत अवलोकन भ्रमण गर्‍यो ।

उक्त कार्यक्रममा दमक नपा वडा नं. १० का वडाध्यक्ष राजेन्द्रप्रसाद भण्डारी, वडा नं. ९ का वडाध्यक्ष कुवेरप्रसाद भट्टराई, निमित्त मेडिकल सुपरिटेन्डेन्ट कृष्णप्रसाद साह र जिन्सी शाखा प्रमुख श्यामनारायण राजवंशीको समेत उपस्थिति थियो ।

# लैङ्गिक हिंसाविरुद्धको सचेतनामूलक अभिमुखीकरण कार्यक्रम

भक्तपुर, ३ पुस । भ.न.पा.४ वडा कार्यालयको आयोजनामा बिहीबार लैङ्गिक हिंसाविरुद्धको सचेतनामूलक अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

भनपाका उपप्रमुख रजनी जोशीले नयाँ पुस्तालाई संस्कार संस्कृतिबारे ज्ञान दिन भनपाले स्थानीय पाठ्यक्रम लागू गरेको बताउँदै डिग्री सर्टिफिकेटले मात्र काम नपाउने भएकोले सीप सिक्न र सिकाउन अभिप्रेरित रहन जोड दिँदै स्थानीय उत्पादन बिक्री वितरणसम्बन्धी तालिम र सीपमार्फत आत्मनिर्भर नागरिक तयार पार्न सकिने विश्वास व्यक्त गर्नुभयो ।

पुँजीवादी व्यवस्थामा हिंसाजन्य आपराधिक घटना तीव्र वृद्धि भएकोमा चिन्ता व्यक्त गर्दै महिला पुरुषबिच आर्थिक, सामाजिक तथा राजनीतिक समानताका लागि समाजवादी बन्दोबस्त अपरिहार्य भएको चर्चा गर्दै उपप्रमुख जोशीले शान्नान नगरसितको भगिनी सम्बन्ध नवीकरणबारे आफ्नो अनुभव सुनाउनुभयो ।

पूर्वकार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवालले महिला मात्र नभई पुरुष पनि हिंसाको शिकार हुने गरेको बताउँदै छोरीलाई सम्पत्तिभन्दा पनि शिक्षा, दीक्षा अत्यावश्यक हुने र समाजमा विद्यमान जातभात, छुवाछुतजस्ता समस्या कुसंस्कार र अज्ञानताकै कारण व्याप्त रहेको चर्चा गर्नुभयो ।

भनपा ४ वडाका वडाध्यक्ष उपेन्द्र सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घ नगर समितिका सदस्य रञ्जना सुवाल, स्वास्थ्य उपसमिति सदस्य रामलक्ष्मी दुवाल, वडा नर्स विनिता प्रजापति, कानुन अध्ययनरत छात्रा जेशिका तुल्सी, स्वास्थ्य स्वयम्सेविका रोशनी हालेयोजोशीलगायतले लैङ्गिक हिंसाको अन्त्यका लागि प्रविधिको सही प्रयोगबारे बोल्नुभयो ।

# नेसनल प्याव्सन भक्तपुरको हाजिरीजवाफ प्रतियोगिता सम्पन्न

भक्तपुर, ३ पुस । नेसनल प्याब्सन भक्तपुरको कार्यक्रम विमल मेमोरियल विद्यापीठको आयोजनामा माध्यमिक तह 'अन्तरविद्यालय हाजिरीजवाफ प्रतियोगिता-२०८२' सम्पन्न भयो । सो कार्यक्रममा नेसनल प्याब्सनअन्तर्गतका सदस्य विद्यालयहरूको सहभागिता रहेको थियो ।

सो प्रतियोगितामा इडेन गार्डेन इङ्गिलस स्कूल प्रथम भएको थियो भने मदरल्यान्ड इङ्गिलस स्कूल दोस्रो, ऋतम्भरा पाठशाला स्कूल तेस्रो र आरक्षण नेसनल स्कूलले सान्त्वना स्थान हासिल गर्न सफल भएको थियो ।

कार्यक्रमका सभापति एवं आयोजक विद्यालय विमल मेमोरियल विद्यापीठका प्रधानाध्यापक कुमार थापामगरले कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको श्रेय सहभागी विद्यालय तथा विद्यार्थीहरूलाई दिँदै कार्यक्रम आयोजना गर्ने अवसर प्रदान गरेकोमा नेसनल प्याव्सन भक्तपुर संस्थाप्रति आभार व्यक्त गर्नुभयो ।

कार्यक्रममा सूर्यविनायक नगरपालिका वडा नं. १० का प्रशासकीय प्रमुख कुमार राउतले विजेता विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्दै विद्यार्थीहरूले मेहनत गरेमा फल अवश्य प्राप्त हुने विचार व्यक्त गर्नुभयो ।

नेसनल प्याब्सन भक्तपुरका अध्यक्ष सञ्जय खड्काले आयोजक विमल मेमोरियल विद्यापीठ विद्यालयलाई धन्यवाद ज्ञापन गर्दै विजेता विद्यार्थीहरूलाई बधाई ज्ञापन गर्नुका साथै यस्ता कार्यक्रममा सम्पूर्ण विद्यालयले सहभागिता जनाउनुपर्ने कुरामा जोड दिनुभयो ।

# खोटाङमा जडीबुटी प्रशोधन केन्द्र स्थापनाको तयारी

खोटाङ, ३ पुस । कोसी प्रदेश सरकारले यहाँ निजी तथा सार्वजनिक क्षेत्रसँगको साझेदारीमा जडीबुटी उत्पादन, सङ्कलन तथा प्रशोधन केन्द्र स्थापना गर्ने भएको छ । कोसी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयले चालु आर्थिक वर्षका लागि विनियोजन गरेको रु. तीन करोड लगानीमा केन्द्र सञ्चालन गर्न लागिएको हो ।

प्राकृतिक रूपमा उत्पादन हुने बहुमूल्य जडीबुटीको वैज्ञानिक ढङ्गले सङ्कलन, भण्डारण तथा प्रशोधन गर्न यो केन्द्र स्थापना गर्न लागिएको कोसी प्रदेशका भौतिक पूर्वाधार विकास एवम् स्वास्थ्यमन्त्री भूपेन्द्र राईले जानकारी दिनुभयो । खोटाङ उद्योग वाणिज्य सङ्घको समन्वयमा बुधबार दिक्तेलमा आयोजित अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री राईले यस्तो जानकारी दिनुभएको हो ।

उहाँले खोटाङमा स्थापना गर्न लागिएको यो केन्द्र कोसी प्रदेशकै एकमात्र जडीबुटी उत्पादन, सङ्कलन तथा प्रशोधन केन्द्र हुने जानकारी दिनुभएको छ । प्रदेश सरकार र निजी क्षेत्रको संयुक्त लगानीमा सञ्चालन हुने यो केन्द्रले जडीबुटीको अव्यवस्थित सङ्कलन र निर्यातलाई व्यवस्थित गर्दै स्थानीयस्तरमै मूल्य निर्धारण गर्ने गर्नेछ ।

दस स्थानीय तह रहेको खोटाङमा प्रशोधन केन्द्र सञ्चालनमा आएपछि स्थानीय युवाका लागि रोजगारीको अवसर सिर्जना हुने, जडीबुटी खेतीप्रति आकर्षण बढ्ने तथा ग्रामीण अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

जिल्लामा स्थापना गर्न लागिएको जडीबुटी उत्पादन, सङ्कलन तथा प्रशोधन केन्द्र कोसी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय र खोटाङ उद्योग वाणिज्य सङ्घसँग सम्बद्ध कार्यदलले तयार पारेको विस्तृत योजना अनुसार सञ्चालनको तयारी गरिएको छ । प्रशोधन केन्द्र स्थापना भएपछि जडीबुटीको गुणस्तर परीक्षण, प्रशोधन, प्याकेजिङ तथा बजार व्यवस्थापन जिल्लामै गरिने जनाइएको छ ।

कार्यक्रममा सहभागी उद्योगी, व्यवसायी तथा स्थानीय सरोकारवाला निकायले जडीबुटी क्षेत्रको सम्भावना र चुनौतीबारे आ-आफ्नो धारणा राखेका थिए । उनीहरूले प्रदेश सरकारको यो योजनाले जिल्लाको दीर्घकालीन आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गरेका थिए ।

जिल्लामा उत्पादित जडीबुटी अहिलेसम्म व्यवसायीले आफूखुसी सङ्कलन गरेर लाने गरेका छन् । बहुमूल्य जडीबुटीको उचित मूल्य निर्धारण नहुँदा जिल्लाका किसान समस्यामा पर्दै आएका छन् ।

सडक सञ्जाल जोडिएसँगै जिल्लामा उत्पादित जडीबुटी निर्यात हुन थालेपछि व्यावसायिक खेती गर्ने किसानको सङ्ख्यासमेत बढ्दै गएको छ । जिल्लाका किसानले चिराइतो, पाखनभेद, तेजपात, टिमुर, तुलसी, लोठसल्ला, लेमनग्रास र मजिटोलगायतका जडीबुटीको व्यावसायिक खेती गर्दै आएका छन् । ***रासस***

# नेपाल-कम्बोडिया अन्तर्राष्ट्रिय व्यापार सम्मेलन घोषणा

काठमाडौँ, ३ पुस । नेपाल-कम्बोडियाबिच व्यापार, लगानी तथा सांस्कृतिक सहकार्यलाई सुदृढ गर्ने उद्देश्यले कम्बोडिया-नेपाल बी२बी व्यापारिक अन्तरक्रिया कार्यक्रम २०२६ आयोजना हुने भएको छ ।

आगामी पुसको अन्तिम साता कम्बोडियामा आयोजना हुन लागेको कार्यक्रम कम्बोडियाको जुवा सप्लाइज एण्ड मेन्टेनेन्स कम्पनी लिमिटेड (जेयसएम कम्बोडिया) द्वारा आयोजना हुनेछ भने नेपालको सिजन मिडियाले कार्यक्रमको व्यवस्थापन गर्ने बताइएको छ ।

कार्यक्रममा नेपालतर्फबाट नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल चेम्बर अफ कमर्सलगायत पर्यटन, उड्डयन, यात्रा-पर्यटन, उत्पादन, संस्कृति, प्रविधि तथा आयात-निर्यात क्षेत्रका व्यावसायिक प्रतिनिधिहरूको सहभागिता रहनेछ । कम्बोडियातर्फबाट कम्बोडिया चेम्बर अफ कमर्स, पर्यटन तथा आतिथ्य सङ्घ संस्था, उड्डयन कम्पनी, निजी लगानी समूह, व्यापारिक संस्था तथा सांस्कृतिक-सिर्जनात्मक क्षेत्रका प्रतिनिधि सहभागी हुने कार्यक्रम संयोजक रामप्रसाद पाध्याले जानकारी दिनुभयो । उहाँका अनुसार एसियन मुलुकका व्यवसायी, कलाकार, उद्यमी र नवप्रवर्तकहरूलाई नेटवर्किङ र अनुभव आदानप्रदानको प्लेटफर्म पनि प्रदान गर्नेछ ।

यसमार्फत नेपाल र कम्बोडियाबिचको द्विपक्षीय मित्रता, सांस्कृतिक कूटनीति र पर्यटन प्रवर्द्धनलाई थप बल मिल्ने अपेक्षा गरिएको गैरआवासीय नेपाली सङ्घ कम्बोडियाका पूर्वअध्यक्ष एवं व्यवसायी लालसिंह खड्काले बताउनुभयो । कार्यक्रमअन्तर्गत नेपाल-कम्बोडियाका व्यवसायीहरूबिच लगानी तथा व्यापारिक भेटघाट, क्षेत्रगत छलफल, व्यापारिक नेटवर्किङ तथा नीतिगत संवाद सञ्चालन गरिनेछ । पर्यटन तथा आतिथ्य, उड्डयन, यात्रा सेवा, कृषि, उत्पादन, रियल स्टेट, सांस्कृतिक तथा सिर्जनात्मक उद्योग र डिजिटल नवप्रवर्तनजस्ता उच्च सम्भावनायुक्त क्षेत्रमा संयुक्त लगानी र सहकार्यका अवसर पहिचान गरिनेछ । कार्यक्रमको विशेष आकर्षणका रूपमा दुवै देशबिचको आर्थिक विकास, नवप्रवर्तन र द्विपक्षीय सहकार्यमा योगदान पुर्‍याउने उत्कृष्ट उद्यमी, उद्योगपति तथा संस्थाहरूलाई 'इन्टरनेसनल एक्सिलेन्स अवार्ड' बाट सम्मान गरिनेछ । यो अवार्ड समारोहले कम्बोडियालगायत एसियन मुलुकका विभिन्न क्षेत्रमा सफल र सक्रिय उद्योगी, कलाकार, नवप्रवर्तन, पर्यटन, शिक्षा र स्वास्थ्यलगायत विभिन्न क्षेत्रका असाधारण योगदान दिएका व्यक्तित्व र संस्थाहरूलाई अवार्ड सम्मान प्रदान गर्नेछ ।

# निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका सार्वजनिक

काठमाडौँ, ३ पुस । निर्वाचन आयोगले 'निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका' सार्वजनिक गरेको छ ।

'निर्वाचन शिक्षा तथा सूचनाको विस्तार स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार' नारासहित सामाजिक अध्ययन शिक्षकका लागि निर्वाचन शिक्षा स्रोत पुस्तिका, २०८२ तयार पारी आयोगले वेबसाइटमार्फत सार्वजनिक गरेको हो । स्रोत सामग्रीमा सात वटा परिच्छेदमा विभिन्न विषयवस्तु समावेश गरिएका छन् ।

परिच्छेद एकमा लोकतन्त्र र संविधान, परिच्छेद दुईमा निर्वाचन तथा राजनैतिक दलसम्बन्धी व्यवस्था, परिच्छेद तीनमा निर्वाचन प्रणाली, विभिन्न तहको निर्वाचन तथा समावेशिता, परिच्छेद चारमा निर्वाचन चक्र, प्रक्रिया (मतदान प्रक्रिया, नोटा ( नो भोट) मतगणना आदि) बारे विषयवस्तु समावेश छन् ।

यसैगरी परिच्छेद पाँचमा निर्वाचन व्यवस्थापन गर्ने निकाय तथा सम्बद्ध कानुन, परिच्छेद छमा निर्वाचन आचारसंहिताको पालना, अनुगमन र पर्यवेक्षण र परिच्छेद सातमा निर्वाचनका सरोकारवालाहरू, नागरिकको कर्तव्य र अधिकार तथा निर्वाचन प्रक्रियामा शिक्षकको भूमिका, निर्वाचन शिक्षा तथा सूचना केन्द्रको भ्रमणसम्बन्धी विषय उल्लेख छन् । ***रासस***

**सङ्क्षिप्त समाचार**

# राष्ट्रिय प्रकृति संरक्षण कोषको सदस्य सचिवमा डा. सुवेदी नियुक्त

काठमाडौँ, ३ पुस । राष्ट्रिय प्रकृति संरक्षण कोषको सदस्य सचिव पदमा संरक्षणविद् डा. नरेश सुवेदी नियुक्त हुनुभएको छ । प्रकृति संरक्षण कोष ऐन, २०३९ मा भएको व्यवस्थाबमोजिम बोर्डले उहाँलाई बिहीबार सदस्य सचिव पदमा नियुक्त गरेको हो ।

विगत २५ वर्षदेखि कोषको सेवामा निरन्तर कार्यरत डा. सुवेदी यसअघि कोषको वरिष्ठ निर्देशक पदको जिम्मेवारीमा हुनुहुन्थ्यो । पदीय जिम्मेवारीका क्रममा डा. सुवेदीले नेपालको प्रकृति संरक्षण र जैविक विविधताको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनुभएको छ । उहाँकै पहल र सक्रियतामा नेपाल सरकारले ललितपुरस्थित सदर चिडियाखानाको व्यवस्थापन आगामी ३० वर्षका लागि पुन: राष्ट्रिय प्रकृति संरक्षण कोषलाई नै जिम्मा दिने निर्णय गरेको थियो । यसका साथै, उहाँको नेतृत्वदायी क्षमता र अन्तर्राष्ट्रिय समन्वयका कारण विभिन्न दातृ निकायबाट संरक्षण केन्द्रित दुई सय भन्दाबढी परियोजनाहरू कोषमा भित्रिएका छन् ।

यसैगरी प्राज्ञिक र अनुसन्धानको क्षेत्रमासमेत डा. सुवेदीको उपस्थिति प्रभावशाली रहेको कोषले जनाएको छ । उहाँका हालसम्म करिब दुई सय भन्दाबढी उच्चस्तरीय अनुसन्धानमूलक कृतिहरू प्रकाशित भइसकेका छन् भने दुई दर्जनभन्दा बढी शोधकर्तालाई विद्यावारिधि (पिएचडी) तहमा मार्गदर्शन गर्नुभएको छ ।

संरक्षण विज्ञान र व्यवस्थापनमा दखल राख्ने डा. सुवेदीको कार्यकालमा प्रकृति संरक्षण, वन्यजन्तु व्यवस्थापन र जलवायु अनुकूलनका क्षेत्रमा थप नवीन र रणनीतिक उपलब्धि हासिल गर्ने अपेक्षा गरिएको छ । **रासस**

# अवैध लागुऔषधसहित विभिन्न स्थानबाट १९ जना पक्राउ

काठमाडौँ, ३ पुस । विभिन्न शहरबाट अवैध लागुऔषधसहित १९ जना पक्राउ परेका छन् । काठमाडौँ, मोरङ, चितवन, झापा, तनहुँ, सुनसरी, पाल्पा, मकवानपुर, रूपन्देही र नवलपरासी पश्चिमबाट खैरो हेरोइन, ब्राउनसुगर, गाँजा तथा विभिन्न नियन्त्रित औषधि बरामद गरिएको प्रहरीले जनाएको हो ।

काठमाडौँ महानगरपालिका–२६ ठमेलबाट खैरो हेरोइन दुई सय ६३ ग्रामसहित एक जनालाई पक्राउ गरिएको छ भने जमलबाट गाँजासहित एकजना पक्राउ परेका छन् । मोरङ, चितवन र झापाका विभिन्न स्थानबाट खैरो हेरोइनजस्तो देखिने पदार्थसहित व्यक्ति पक्राउ परेका छन् । तनहुँबाट ट्रामाडोल ट्याब्लेटसहित, सुनसरीबाट ब्राउनसुगर तथा विभिन्न नियन्त्रित औषधिसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ । यस्तै, पाल्पाबाट डाइजेपाम, बुप्रेनोर्फिन र फेनारगन एम्पुलसहित दुईजना, मकवानपुरबाट करिब ११ किलो गाँजासहित दुई जना तथा रूपन्देही र नवलपरासी पश्चिमबाट ब्राउनसुगर र गाँजासहित अन्य व्यक्ति पक्राउ परेका छन् । प्रहरीका अनुसार सबै घटनाबारे आवश्यक अनुसन्धान जारी रहेको छ । **रासस**

# झूटा विवरण पेस गरी नागरिकता र राहदानी बनाउने तीन जना पक्राउ

काठमाडौँ, ३ पुस । झूटा विवरण पेस गरी नागरिकता, राष्ट्रिय परिचयपत्र तथा राहदानी बनाउने कार्यमा संलग्न तीन जना पक्राउ परेका छन् । झूटा विवरण पेस गरी नागरिकता, राष्ट्रिय परिचयपत्र र राहदानी बनाइ विभिन्न व्यक्ति तेस्रो मुलुक जाने गरेका भन्ने सूचनाका आधारमा प्रहरीले तीन जनालाई काठमाडौँको विभिन्न स्थानबाट पक्राउ गरेको हो ।

काठमाडौँबाट दाङको तुलसीपुर उपमहानगरपालिका–१७ का ४३ वर्षीय यमबहादुर बस्नेत, झापाको कचनकवल गाउँपालिका–३ का ५१ वर्षीय कृष्णबहादुर कटुवाल र झापाको भद्रपुर नगरपालिका–९ का ४१ वर्षीय सूर्यबहादुर खड्का पक्राउ परेका केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

झूटा विवरण पेस गरेर नागरिकता, राष्ट्रिय परिचय पत्र र राहदानी बनाउने कार्यमा संलग्न निजहरूलाई काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । निजहरूलाई नागरिकता, लिखत किर्ते र सङ्गठित अपराधसम्बन्धी कसूरमा आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय झापा पठाइएको केन्द्रीय प्रहरी समाचार कक्षले बिहीबार जनाएको छ । **रासस**

# मतदाता नामावलीमा ९९३ जनाको नाम दोहोरिएको पाइयो

नेपालगञ्ज, ३ पुस । बाँकेमा ९९३ जनाको फोटोसहितको मतदाता नामावलीमा दोहोरो नाम फेला परेको छ ।

जिल्लाका नेपालगञ्ज उपमहानगरपालिका, बैजनाथ गाउँपालिका, खजुरा गाउँपालिका, राप्तीसोनारी गाउँपालिका र कोहलपुर नगरपालिकामा मतदाता नामावलीमा दोहोरो नाम दर्ता गराएको जिल्ला निर्वाचन कार्यालय, बाँकेका प्रमुख टेकबहादुर शाहीले जानकारी दिनुभयो ।

उहाँले त्यसमध्ये सबैभन्दा बढी नेपालगञ्जको र सबैभन्दा कम कोहलपुर नगरपालिकाको रहेको उल्लेख गर्दै नाम दर्ताको रेकर्ड जिल्लामा नभएकाले दर्तामा दोहोरोपना देखिएको बताउनुभयो । "हामीले दर्ता गरेर केन्द्रमा पठाएपछि मात्रै थाहा पायौँ । हाल नाम अद्यावधिक गर्ने कार्य जारी रहेको बताउनुभयो । मतदाता नामावलीको दोहोरो नाम हटाउने काम पुस ५ गतेसम्म जारी रहने छ," शाहीले भन्नुभयो ।



त्रिनगर नाकाबाट भारत प्रवेश गर्दै गरेका नेपालीहरू
कैलालीको त्रिनगर भन्सार सीमा नाकाबाट बिहीबार भारत प्रवेश गर्ने क्रममा सुरक्षाजाँचका लागि लामबद्ध नेपालीहरू । रोजगारीलगायत विविध कामका लागि यो नाका हुँदै सुदूरपश्चिम प्रदेशका नागरिकहरू भारतका विभिन्न सहरहरूमा जाने गर्दछन् । *तस्बिर : तिलकराज ओझा/रासस*

# विद्यालय सङ्ख्याको अनुपातमा छैन शिक्षक दरबन्दी

भजनी (कैलाली), ३ पुस । कैलालीमा विद्यार्थी र विद्यालयको सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी न्यून हुँदा पठनपाठनमा चुनौती देखिएको छ । माध्यमिक तहमा विद्यालय सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी न्यून हुँदा शिक्षकको अभाव छ ।

जिल्लामा सामुदायिकतर्फ माध्यमिक तहसम्मको पठनपाठन हुने विद्यालय सङ्ख्या १७४ छ । संस्थागतसहित कूल ३१२ विद्यालयले माध्यमिक तहसम्मको पठनपाठन गराउँदै आएका छन् । माध्यमिक तहमा कैलालीमा शिक्षक दरबन्दी भने १४४ जनाको मात्रै छ । एक माध्यमिक विद्यालयमा पाँच जनाको दरबन्दी हुनुपर्ने भए पनि कैयौँ विद्यालयमा दरबन्दी नै छैन ।

अधिकांश विद्यालयको पठनपाठन राहत र शिक्षण सिकाई अनुदानमा कार्यरत शिक्षकको भरमा छ । जिल्ला शिक्षा समन्वय एकाइ धनगढी कैलालीका सूचना अधिकारी राजेन्द्र भट्टका अनुसार जिल्लामा माध्यमिक तहमा राहत कोटामा २२१ जना शिक्षक कार्यरत छन् । शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकको नियुक्ति स्थानीय तहमार्फत हुने भएकाले यकिन तथ्याङ्क नभएको उहाँले बताउनुभयो ।

विसं २०७४ पछि स्थानीय तहले माध्यमिक तहसम्मका विद्यालयको सङ्ख्या बढाउँदै लगेका कारण विद्यालयको सङ्ख्या बढेको उहाँको भनाइ छ । विद्यालय सङ्ख्या बढे पनि स्वीकृत दरबन्दी नबढेको भट्ट बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "यो स्वीकृत दरबन्दी पुरानो भयो । अहिले दरबन्दी स्वीकृत गर्ने कुनै आधार छैन र भएको पनि छैन । राहत, अनुदानमा नियुक्त भएका शिक्षकहरूबाट पनि पठनपाठनको काम भैरहेको छ । शिक्षक अभावकै कारण पठनपाठनमा अवरोध कतै भएको छैन ।"

साविकको उच्च मावि तहमा ४३ अस्थायी दरबन्दी जिल्लामा कायम गरिएको थियो । त्यसमा ८७ जनाले राहत अनुदान कोटामार्फत अध्यापन गराइरहेका छन् । जिल्ला शिक्षा समन्वय एकाइको तथ्याङ्कअनुसार आधारभूत तहका ३७६ विद्यालय जिल्लामा छन् । त्यसमा २०९ शिक्षकको दरबन्दी छ । ३६८ राहत अनुदानमा कार्यरत छन् ।

माध्यमिक तहसम्मको पठनपाठनको सबै जिम्मेवारी स्थानीय तहको मातहतमा भए पनि दरबन्दी कायम गरेअनुसार शिक्षक व्यवस्थापन गर्ने विषयमा अन्योल छ । कैलालीकै टीकापुर नगरपालिकामा १२ माध्यमिक तहसम्म पठनपाठन भइरहेका विद्यालय छन् । सातवटा विद्यालयमा मात्रै शिक्षक दरबन्दी छ । त्यसमा १४ जना स्थायी शिक्षक कार्यरत छन् । कतिपय विद्यालयमा एकजनाको दरबन्दी छ ।

पाँचवटा विद्यालयमा मावि शिक्षकको दरबन्दी नै छैन । दरबन्दी नभएका अधिकांश विद्यालयमा राहत र शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकले विद्यालयको पठनपाठन धानेका छन् । नगरपालिकाभित्र माविमा २१ जना शिक्षक राहत अनुदानमा कार्यरत छन् भने शिक्षण सिकाइ अनुदानमा ११ जना शिक्षक कार्यरत रहेको नगरपालिकाका शिक्षा अधिकृत नरेश अवस्थीले जानकारी दिनुभएको छ । उहाँका अनुसार सामुदायिक विद्यालयमा कक्षा १० मा ९९८ जना अध्ययनरत छन् ।

नगरपालिकामा निमावि शिक्षक दरबन्दी २२ जनाको छ । राहत अनुदानमा २५ जना कार्यरत छन् भने तीन जना अनुदानमा छन् । नगरपालिकाले निमाविमा नगर अनुदानमा ४१ जना शिक्षक नियुक्त गरेको छ । प्राविमा नगरपालिकाभित्र ९३ जनाको दरबन्दी छ । ४६ शिक्षक राहतमा कार्यरत छन् भने नगर अनुदानमा ३२ जना कार्यरत छन् । उहाँले राहत र अनुदानका शिक्षक नभए शैक्षिक गतिविधि सञ्चालन गर्न नसकिने बताउनुभयो ।

नगरपालिकाले नगर अनुदानमा नियुक्त गरेका शिक्षकको पारिश्रमिक न्यून छ । निमाविमा कार्यरत शिक्षकले मासिक रु. २० हजार र प्राविकालाई मासिक रु. १८ हजार तलबभत्ता नगरपालिकाले दिँदै आएको छ । शिक्षा अधिकृत अवस्थी भन्नुहुन्छ, "कार्यालय सहयोगीको मासिक रु. १९ हजार पुग्छ भने प्रावि नगर अनुदानमा अध्यापन गराउने शिक्षकले रु. १८ हजार पाउँछन् । पारिश्रमिक कम भएका कारण पछिल्लो समय शिक्षक पाउन मुस्किल छ ।"

उता भजनी नगरपालिकामा पनि अवस्था त्यस्तै छ । त्यहाँ माध्यमिक तहसम्म पठनपाठन हुने ११ विद्यालय छन् । जहाँ सातजनाको दरबन्दी छ । अझै नौ वटा विद्यालयमा त स्वीकृत दरबन्दी नै छैन । नगरपालिकामा राहत अनुदानमा १५ जना शिक्षक कार्यरत छन् । शिक्षण सिकाइ अनुदानमा १७ जना नियुक्त भएका छन् भने १४ जना नगरपालिकाले नगर अनुदानमार्फत नियुक्त गरेको शिक्षा अधिकृत पड्खबहादुर शाहीले जानकारी दिनुभयो । भजनीमा २८४ जना विद्यार्थी कक्षा १० मा अध्ययनरत छन् ।

विद्यालयको सङ्ख्याको आधारमा शिक्षक दरबन्दी न्यून हुँदा अधिकांश सामुदायिक विद्यालय राहत अनुदान र शिक्षण सिकाइ अनुदानका भरमा सञ्चालन भइरहेका छन् । अझै अङ्ग्रेजी, गणित र विज्ञान विषयमा सरकारले उपलब्ध गराउँदै आएको शिक्षण सिकाइ अनुदान रकम रोकिनेबित्तिकै कैयौँ माध्यमिक विद्यालय बन्द हुने स्थितिमा पुग्ने सम्भावना छ । **रासस**

# काभ्रेमा मालबाहक टिपर सञ्चालनमा नियमन गरिने

काभ्रेपलाञ्चोक, ३ पुस । काभ्रेपलाञ्चोकहुँदै विभिन्न क्षेत्रमा सञ्चालन भइरहेको मालबाहक सवारी टिपर सञ्चालनमा नियमन गरिने भएको छ । जिल्ला प्रशासन कार्यालय धुलिखेलले टिपरको ओभरलोडलगायतका विषयमा नियमन गर्ने चारबुँदे निर्णय गरेको हो ।

प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीको अध्यक्षतामा बसेको नदीजन्य पदार्थ ढुवानी तथा ट्राफिक व्यवस्थापनमासम्बन्धी सरोकारवालाको बैठकले यस्तो निर्णय गरेको हो । बैठकले काभ्रेपलाञ्चोकको विभिन्न स्थानीय तहभित्र सञ्चालित नदीजन्य पदार्थ खानी तथा क्रसर उद्योग एवं हाल सञ्चालित आयोजनाका लागि निर्माण सामग्री (ढुङ्गा, गिट्टी, बालुवा) लोड गर्दा ओभरलोड गरेको र सिधैँ खोलाबाट पानीसहितको निर्माण सामग्री लोड गरी पक्की सडकमा पानी चुहाउँदै गुडेका कारणले सडक, सुरक्षा, ट्राफिक व्यवस्थापनमा समस्या उत्पन्न भएकाले अब उप्रान्त खानी सञ्चालक र टिपर व्यवसायीबाट ओभरलोड नगरी पानीसहितको निर्माण सामग्री ढुवानी नगर्ने/नगराउने व्यवस्था गर्ने निर्णय गरेको छ ।

यस्तै निर्माण सामग्री ओसारपसार गर्ने सवारी पासअनुमति लिएका केही टिपरले पासको दुरूपयोग गरी सम्बन्धित आयोजना/योजनामा निर्माण सामग्री नलगी अन्यत्रसमेत लैजाने गरेका पाइएकाले सम्बन्धित आयोजना/योजना प्रमुखले त्यस्तो दुरूपयोग नहुने व्यवस्था कडाइकासाथ मिलाउने निर्णयमा उल्लेख गरिएको छ ।

यसैगरी, निर्णय कार्यान्वयनार्थ निर्माण सामग्री ढुवानी पास नलिएका टिपरका सम्बन्धमा टिपर व्यवसायी सङ्घमार्फत सम्बन्धित टिपर धनीलाई जानकारी गराउने र खानी क्षेत्रका स्थानीय तहका जनप्रतिनिधिद्वारा प्रभावकारी अनुगमन गर्ने/गराउने निर्णय भएको हो । बैठकमा आनी क्षेत्रका स्थानीय तहका जनप्रतिनिधि, जिल्लास्थित सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि, सूर्यविनायक–धुलिखेल सडक आयोजनाका प्रमुख तथा सूर्यविनायक–साँगा, धुलिखेल–साँगा खण्ड निर्माण कम्पनीका प्रतिनिधिले हस्ताक्षर गरेका छन् । चारबुँदे निर्णयमा निर्णयानुसारको व्यवस्था नगरेमा प्रचलित कानुनबमोजिम कारबाहीसमेत हुने भनिएको छ ।

टिपरलाई तोकिएका आयोजना बाहेकका निर्माण सामग्री ढुवानीका लागि काभ्रेमा राति ९ बजेदेखि बिहान ५ बजेसम्म मात्रै सञ्चालन अनुमति दिइएको छ । **रासस**

## उच्च रक्तचाप, दम खोकी, मधुमेह, मुटुरोगको बढ्दो समस्या

काठमाडौँ, ३ पुस । हिमाली जिल्ला सोलुखुम्बुको सोताङ गाउँपालिका–२ र ५ मा सञ्चालित नि:शुल्क स्वास्थ्य शिविरमा परीक्षण गर्न आएका बिरामीमध्ये अधिकांशमा उच्च रक्तचाप, दम खोकी, मधुमेह, मटुरोगको समस्या देखिएको छ ।

नेपाल हार्ट फाउण्डेशन, पाटन रोटरी क्लब, मेडिकेयर अस्पताल र चेपेल फाउण्डेशनको आयोजनामा आज सम्पन्न दुईदिने स्वास्थ्य शिविरमा करिब ५०० बिरामीमा परीक्षण गर्दा झण्डै ७० प्रतिशतमा उच्च रक्तचाप, ५० प्रतिशतमा दम खोकी, ३० प्रतिशत र मधुमेहका बिरामी १५ प्रतिशत रहेको मुटुरोगको समस्या देखिएको वरिष्ठ मुटुरोग विशेषज्ञ प्राडा प्रकाशराज रेग्मीले जानकारी दिनुभयो ।

त्यस्तै, जन्मजात मुटुरोग आठ प्रतिशत र बाथ मुटुरोग पाँच प्रतिशतमा रहेको पाइएको छ । उहाँका अनुसार १५ वटा विद्यालयका झण्डै दुई हजार पाँच सय बालबालिकाको स्वास्थ्य परीक्षण गर्दा २० जनामा मुटुरोगको समस्या रहेको र तीमध्ये चारजनाको तत्काल शल्यक्रिया गर्नुपर्ने देखिएको छ । शिविरमा बिरामीको इको तथा इसिजी परीक्षण गरिएको थियो भने लोमस फर्माबाट उपलब्ध गराइएको करिब पाँच लाख मूल्यका औषधि वितरण गरिएको थियो । शिविरमा डा. उर्मिला शाक्य, प्रेमराज वैद्य, अजय अधिकारी र एन्जिला वैद्यले परीक्षण गर्नुभएको थियो । **रासस**

। सम्पादकीय ।

# राजनीतिक कार्यकर्ताहरू उदाहरणीय बन्नुपर्छ

देशका नायक नायिका, गायक गायिका र कलाकारहरूले राजनीतिप्रति चासो राख्नु, राजनीतिक दलमा समावेश गर्नु सकारात्मक पक्ष हो । देशका सबै नागरिकले देशको राजनीतिप्रति चासो राख्नुपर्छ; राजनीतिमा सक्रिय हुनुपर्छ । त्यसो त विगतमा पनि कति देखिने तथा कति नदेखिने गरी कलाकारहरू राजनीतिमा नलागेका होइनन् । तर, केही वर्षदेखि नायक नायिका र गायक गायिकाहरू देखिने गरी राजनीतिमा लागेको पाइएको छ । उनीहरू पहिले प्रचारमा आएका थिएनन् । वर्गीय समाजमा नायक नायिका र गायक गायिकाहरू पनि विभाजित हुन्छन् । कति नायिकाहरू अर्धनग्न भएर नाच्छन्, उफ्रिन्छन् र गीत गाएर, अश्लील शब्द खोकेर युवा युवतीलाई उत्तेजित पार्ने, यौनवादी कुरा गरेर युवा युवतीहरूको मति बिगार्ने मन्दविष छर्ने गर्छन् । कम्युनिस्ट भनिने दलमा लागेका गायक गायिका र नायक नायिकाहरूले समाजका युवा युवती भड्काउने, मन बिगार्ने खालको नृत्य र गीत गाउनु ठीक होइन । मनोरञ्जनको नाउँमा एकक्षणको मञ्जाको निम्ति भन्दै अङ्ग प्रदर्शन गर्नु र अश्लील गीत गाउनु प्रगतिशील कदम होइन । त्यस्तो नृत्य र गीत कम्युनिस्टको चरित्रभित्र पर्दैन । राजनीतिमा लागेपछि अनुशासित हुनुपर्छ, चरित्रको ख्याल गर्नुपर्छ । मासलाई उत्तेजित बनाउने र अङ्ग प्रदर्शन गर्ने काम उचित होइन । मनपरी नाच्नु र गाउनु कुनै पनि कम्युनिस्ट कार्यकर्तालाई सुहाउँदैन । त्यो गायक गायिकाले पनि बुझ्नुपर्छ; उत्ताउलो र उच्छृङ्खल गतिविधि गर्नु हुँदैन ।

कलाकारले गीत गाउनुपर्छ; नाच्नुपर्छ । गीत गाएर, नाचेर सकारात्मक सन्देश छर्नुपर्छ । तर, नाच र गीत अश्लील, छाडा र उच्छृङ्खल हुनुहुँदैन । समाजमा गलत सन्देश छर्ने काम कुनै पनि राजनीतिक कार्यकर्ताले गर्नु हुँदैन । पार्टी हरेक कार्यकर्ता र नागरिकलाई सभ्य नागरिक बनाउनेतर्फ लाग्नुपर्छ । सुसंस्कृत समाज निर्माण गर्न पार्टी जुट्नुपर्छ; हल्ला पिटेर अश्लील गीत गाएर, उत्ताउलो भएर युवा-युवतीको मन जित्ने काम सही होइन । यसले युवा युवतीहरूको बानी बिगार्छ; उच्छृङ्खल गतिविधिमा बढावा दिन्छ । युवा-युवतीको मन भड्काउने काम, अश्लील दृश्य, अश्लील बोली मात्र होइन लागुऔषध खाने, गाँजा, चरेस खाने कामले पनि युवाहरूको मति भ्रष्ट भएको पाइन्छ । चोरी चकारी, हिंसात्मक, अराजनीतिक र उच्छृङ्खल गतिविधिले पनि समाजमा भड्काउने काम भइरहेको छ । समाज र परिवारको कुनै वास्ता नगर्ने, समाजमा नभिज्ने, कुलतको सङ्गतमा परेका युवाहरू पनि समाजबाट टाढा रहन्छन् । समाजबाट टाढा बस्ने युवाहरूको मन स्थिर हुँदैन । मन अस्थिर भएपछि के गर्न मिल्छ, मिल्दैन विचार गर्दैन । उनीहरूमा सद्बुद्धि पलाउँदैन । उनीहरू टोलका दाजुभाइ, साथीभाइ, नाताकुटुम्ब या समाजदेखि डराउँछन्; समाजमा मिलेर बस्न चाहँदैनन् । एक सुर या एकतर्फी ढङ्गले लागेमा उनीहरूको मति बिग्रिन्छ । उनीहरू कुलतमा लाग्छन् । कुलतको जमातमा सम्झाउने, बुझाउने व्यक्ति पनि हुँदैन । जाँड, रक्सी सेवन र गाँजा चरेसले उनीहरूको स्वास्थ्य बिगारिसकेको हुन्छ । भोको पेट भर्न गाँजा, चरेस, लागूऔषध खान थालेपछि उनीहरूलाई सुधार्न कठिन हुन्छ । यसकारण, मानिसहरू नागरिक समाजबाट टाढा बस्नु हुँदैन । समाजलाई बाटो देखाउने, गलत ठाउँमा गएकालाई सुधार्नको लागि पनि राजनीति आवश्यक हुन्छ; असल पार्टी आवश्यक हुन्छ ।

राजनीतिमा लागेका व्यक्तिहरू हरेक हिसाबले योग्य, सबल र सक्षम हुनुपर्छ । आचरण, बानी व्यहोरा शिष्ट र असल हुनुपर्छ । अनुशासित र चरित्रवान् हुनुपर्छ । राजनीतिमा लागेर जीवनमा दाग लाग्ने काम गर्नु हुँदैन । राजनीतिक कार्यकर्ताहरू उदाहरणीय भएमा त्यसले समाजमा राम्रो सन्देश छर्छ । जनतालाई बाटो देखाउने अग्रज या कार्यकर्ताहरूको मन सफा हुनुपर्छ; दूरदर्शी हुनुपर्छ; जनतामाझ भिजेको हुनुपर्छ; जनताको दुःख सुखमा साथ दिएको हुनुपर्छ । युवाहरूमा जोश जाँगर मात्र भएर हुँदैन । जोशमा होस पुऱ्याएन भने, सिद्धान्तनिष्ठ र कर्तव्यनिष्ठ भएन भने उनीहरू गलत बाटोमा जानेछन् । सिद्धान्त र विचार नभिजेकै कारण जेन-जीहरू विभाजित छन् । अहिले पनि उनीहरू कसको नेतृत्वमा परिचालित छन् भन्ने कुरा यकिन छैन ।

अर्धनग्न भएर उफ्रीउफ्री गीत गाएर, नाचेर आदर्शोमुख समाज बन्दैन । हाम्रो हरेक प्रयास असल नागरिक बनाउनेमा हुनुपर्छ । हामीले गलत बाटोमा लागेकोलाई सही ठाउँमा ल्याउने हो; आपराधिक क्रियाकलापमा लागेकालाई छोडाउने हो । चोरी चकारी गरेर, हत्या-हिंसा गरेर, लुटपाट गरेर जीवन सहज बन्दैन । त्यस्ता पात्रहरूलाई समाजले छिःछिः र दूरदूर गर्छ । उनीहरूको इज्जत र प्रतिष्ठा हुँदैन । बाँचेर पनि मरितुल्य भएका युवाहरूको जीवनको महत्त्व हुँदैन । आपराधिक क्रियाकलापमा सरिक सन्तानहरूको कारण आमाबाबुले मात्र होइन सन्तानले पनि दुःख पाउँछन् । उनीहरू समाजमा घृणित हुन्छन् । देश, समाज बनाउन, जनताको सेवा गर्न लाग्नुपर्ने युवा र कार्यकर्ताहरू सिद्धान्त र विचारलाई बन्धक राखेर मनपरी गर्न थालेपछि उदाहरणीय समाज कसरी बन्छ ? असल नागरिक कसरी बन्छ ? अनि समाज र देश कसरी बन्छ ? गरिब जनताको जीवन कसरी चल्छ ? देशमै काम-मामको व्यवस्था कसरी गर्न सकिन्छ ? देश समृद्ध र जनता कसरी सुखी हुन्छन् ?

# "भक्तपुरलाई पारदर्शी, भ्रष्टाचारमुक्त र स्मारक संरक्षित नमुना नगरको रूपमा विकास गर्ने कोसिस गर्दैं छौँ"




**सुनिल प्रजापति,**
प्रमुख भक्तपुर नगरपालिका

२००६ सालमा भक्तपुर म्युनिसिपालिटीको रूपमा स्थापना भएको आजको भक्तपुर नगरपालिका २००७ सालमा नगर पञ्चायत, २०१० सालमा नगरपालिका, २०१९ सालमा नगर पञ्चायत, २०४५ सालमा नगर पञ्चायत समिति हुँदै २०४७ साल जेठ ३० गतेदेखि हालसम्म नगरपालिकाको नाउँमा सञ्चालित छ । नगरपालिका स्थापनाकालदेखि आजसम्म विभिन्न कालखण्डमा निर्वाचित भएर सेवा गर्नुभएका जनप्रतिनिधिहरू, प्रत्यक्ष र अप्रत्यक्षरूपमा भक्तपुरको विकासमा योगदान गर्नुभएका सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौँ ।

नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले २०१९ सालमा नगर पचायतको सदस्य निर्वाचित भएर सेवा गर्नुभएको थियो । त्यतिबेलै उहाँहरूले भक्तपुर एउटा सुन्दर, सफा नगरको सपना देख्नुभएको थियो । निरङ्कुश पञ्चायती शासन कालका विभिन्न समयमा निर्वाचनको व्यवस्था थिएन । २०३६ सालको जनआन्दोलनपछि २०३७ सालमा जनमतसङ्ग्रह, २०३८ सालमा राष्ट्रिय पञ्चायतको चुनाव र २०३९ सालमा स्थानीय पञ्चायतको चुनाव सम्पन्न भयो ।

त्यतिबेला पार्टी प्रतिबन्धित थियो । प्रतिबन्धित नेपाल मजदुर किसान सङ्गठन (पार्टी) को तर्फबाट किसान नेता ज्ञानबहादुर न्याईच्याइँ प्रधानपञ्चसहित बहुमत उम्मेदवारहरू भक्तपुर नगर पञ्चायतमा जित्नुभयो । पारदर्शी, आर्थिक अनुशासन र भ्रष्टाचारमुक्त नगर बनाउने अभियान त्यतिबेलादेखि उहाँहरूले सुरु गर्नुभयो ।

त्यतिबेला भक्तपुर अत्यन्त फोहर र शिक्षामा देशकै पछाडि परेको मध्ये एक नगर थियो भने स्वास्थ्य उपचारको पनि राम्रो बन्दोबस्त थिएन । अर्थात्, नाउँ मात्रको नगरपालिका थियो । ज्ञानबहादुर न्याईच्याइँको नेतृत्वमा २०३९ सालदेखि सफाइ अभियान, वडा-वडामा साक्षरता कक्षा सञ्चालन, सिलाइ-बुनाइका तालिमजस्ता सीपमूलक तालिमहरू दिने कार्य सुरु भयो । नगर पञ्चायतको हिसाब पारदर्शी गर्न 'पञ्चायत' नाउँको पत्रिका प्रकाशन भयो ।

२०४४ सालको स्थानीय निकायको निर्वाचनमा नेपाल मजदुर किसान सङ्गठन (पार्टी) को तर्फबाट आशाकाजी बासुकला प्रधानपञ्चमा निर्वाचित हुनुभयो । उहाँसँगै नेमकिसङ्घ (पार्टी) का बहुमत वडा सदस्यहरू निर्वाचित हुनुभयो । हामी वडा सदस्यको रूपमा कार्यरत थियौँ ।

देशभरका ३६ वटा नगर पञ्चायतहरूमध्ये भक्तपुर नगर पञ्चायतले पृथक रूपमा काम सुरु गर्‍यो । देशभर कक्षा ५ सम्म सरकारले निःशुल्क गरेको बेला भक्तपुर नगर पञ्चायतभित्र कक्षा ७ सम्म निःशुल्कको व्यवस्था गरियो । 'पञ्चायत' पत्रिकामा पार्टी प्रतिबन्धित अवस्थामा पनि विश्व सर्वहारावर्गका महान् गुरुहरू कार्ल मार्क्स, एङ्गेल्स, लेनिन, स्तालिन र माओ त्सेतुङका जीवनीहरू र समाजवादी साहित्यहरू प्रकाशित हुन थालियो । 'पञ्चायत' पत्रिका देशभरिका नगर पञ्चायतमा पुऱ्याउने व्यवस्था थियो । त्यतिबेला 'पञ्चायत' मासिक पत्रिका 'कम्युनिस्ट' वा क्रान्तिकारी पत्रिका थियो । त्यसमा नपाका बोर्ड निर्णयहरू, आम्दानी र खर्च विवरणदेखि समसामयिक विषयका लेखहरू छापिन्थ्यो । पञ्चायत पत्रिका देशका लोकप्रिय पत्रिकाहरूमध्ये एक थियो । यसरी देशमा भक्तपुर नगर पञ्चायत छुट्टै छाप निर्माण गर्दै अगाडि बढ्दै गयो । भक्तपुर नगर पञ्चायत त्यतिबेला पनि चर्चित थियो ।

प्रतिक्रियावादी सङ्घ संस्थाभित्र गएर जनताको सेवा गर्ने लेनिनवादी नीतिलाई नेमकिसङ्गठन (पार्टी) ले राम्ररी उपयोग गर्दै थियो । त्यो पञ्चायतको आँखामा कसिङ्गर बन्यो । २०४५ साल भदौ ९ गते राज्यस्तरको षड्यन्त्र 'भक्तपुर काण्ड' रचेर नेमकिसङ्गठन (पार्टी) का अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित), रापस गोविन्द दुवाल, प्रधानपञ्च आशाकाजी बासुकला, उपप्रधानपञ्च चैत्यराज शाक्यलगायत हामी सबैजसो वडाध्यक्षहरू त्यो जाली मुद्दामा फसाइयो । नगर पञ्चायत भङ्ग गरियो र मण्डलेहरूको नेतृत्वमा नगरपञ्चायत समिति गठन गरियो । पञ्चायती सरकारले अध्यक्ष रोहितलगायत नेमकिपाका नेता, कार्यकर्ताहरूलाई सर्वस्वसहित जन्मकैद वा ज्यान सजायको माग गर्‍यो । ६७ जना नेता कार्यकर्ताहरूलाई ज्यान मुद्दामा फसाइएको थियो । हजारौँ जनताले दुःख पाए । जनताको तीव्र विरोधसँगै २०४६ सालको जनआन्दोलनको सफलतापछि २०४७ साल वैशाख ५ गते अध्यक्ष रोहितसहित हामी सबै बन्दीहरू रिहा भयौँ ।

२०४९ सालमा सम्पन्न स्थानीय निकायको निर्वाचनमा पुनः ज्ञानबहादुर न्याईच्याइँ नगरपालिका प्रमुखमा निर्वाचित हुनुभयो । उहाँको नेतृत्वमा विगतका असल र जनपक्षीय कार्यहरूलाई निरन्तरता दिँदै नगरपालिकाका जनप्रतिनिधिहरू जनताको सेवामा अगाडि बढ्नु भयो । त्यतिबेला सम्पदाहरू बेवारिसे अवस्थामा थिए । न गुठी संस्थानले वास्ता गर्‍यो न पुरातत्त्व विभागले नै । भक्तपुरका अधिकांश सम्पदाहरू छरपष्ट थिए । त्यही समयमा २०५० सालदेखि विदेशी पर्यटकहरूसँग शुल्क लिन सुरु गरियो । भक्तपुरका केही पर्यटक व्यवसायीहरूले त्यसको विरोध गरे । तत्कालीन सरकारले पनि त्यसलाई रोक्न हर तरहले कोसिस गर्‍यो । तर, जनप्रतिनिधिहरू पछि हट्नु भएन । पर्यटकहरूबाट उठेको शुल्क र नगरपालिकाका सबै हिसाब पारदर्शी गर्दै गयो । पर्यटकहरूबाट उठेको रकमसमेतबाट सम्पदाहरूको मर्मत, जीर्णोद्धार गर्नुका साथै शिक्षा, स्वास्थ्य उपचार, सरसफाइलगायतका कार्यहरूमा खर्च गरियो । बिस्तारै विरोधका स्वरहरू कम हुँदै गयो । आज पर्यटक शुल्क भनपाको विभिन्न आर्थिक स्रोतहरूमध्ये एक महत्त्वपूर्ण स्रोत भएको छ । श्रमदानको संस्कृतिले आजसम्म निरन्तरमा पाउँदै छ ।

२०५४ सालमा प्रेम सुवाल नगर प्रमुखमा निर्वाचित हुनुभयो । 'शिक्षालाई जोड दिने' त्यतिबेलाको निर्वाचन घोषणापत्रमा उल्लेख थियो । त्यही क्रममा २०५६ सालमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले 'सय वर्षपछिको भक्तपुर' नाउँको लेख प्रकाशित गर्नुभयो । २०५९ सालमा त्यो पुस्तकको रूपमा प्रकाशित भयो । पुस्तकमा 'सय वर्षपछिको भक्तपुर' शिक्षा, स्वास्थ्य उपचारको बन्दोबस्त, सरसफाइ, पर्यटन विकास तथा कला संस्कृति विकासको कल्पना गर्दै 'भक्तपुर संसारकै आकर्षक नगर, बिहान प्राचीन सहरजस्तो, दिउँसो विश्वविद्यालयजस्तो र राति सुन्दर आधुनिक सुन्दरीजस्तो देखिने' उल्लेख गर्नुभयो । त्यो भक्तपुर विकासको मार्गचित्र थियो । २०५६ सालमा उच्च शिक्षा परिषद्बाट स्वीकृति लिई ख्वप माविको सुरुआत भयो । अनेकौँ समस्याबिच ख्वप उच्च मावि सुरु भयो ।

२०५८ साल माघ २१ गते भक्तपुरका बुद्धिजीवीहरूको एक बृहत् भेलामा अध्यक्ष नारायणमान बिजुक्छेँले अत्यन्त महत्त्वपूर्ण घोषणा गर्नुभयो । उहाँले 'बिचमा कुनै बाधा व्यवधान आएन भने भक्तपुर पहिलो साक्षर जिल्ला, प्रत्येक घरमा एक स्नातक भएको, पारदर्शी, भ्रष्टाचारमुक्त, स्मारक संरक्षित, कला संस्कृति जोगिएको र आफ्नो पहिचान भएको जिल्ला बनाउन सकिने' उल्लेख गर्नुभएको थियो । कतिको लागि त्यो पचेको थिएन । त्यो घोषणालाई लिएर महत्त्वाकाङ्क्षी योजना, चर्चाको लागि मात्र घोषणा गरेको, असम्भव योजनाजस्ता आलोचना पनि नभएको होइन । एक घर एक स्नातकको सपनालाई साकार पार्न नगरपालिका निरन्तर अगाडि बढ्यो । २०५८ सालमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिएर ख्वप कलेज र पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बधन लिएर ख्वप इन्जिनियरिङ कलेजका कक्षाहरू सुरु भयो । कुनै पनि शैक्षिक संस्थाहरूको स्वीकृति र सञ्चालन सहज थिएन । ख्वप मावि स्थानीय तहहरूले सञ्चालन गरेको एकमात्र मावि हो । त्यो कार्यकालमा अन्य कार्यको अतिरिक्त उच्च शिक्षा प्रदान गर्ने महत्त्वपूर्ण शैक्षिक संस्थाहरू स्थापना भए ।

२०५९ साल असार मसान्तपछि तत्कालीन निर्वाचित पदाधिकारीहरूको म्याद समाप्त भयो । शेरबहादुर देउवा नेतृत्वको सरकारले न म्याद थप गऱ्यो न निर्वाचित नै गऱ्यो । देशभरका स्थानीय निकायहरू जनप्रतिनिधिविहीन भए । पार्टीले अर्को निर्वाचितहरू नआएसम्म पहिलेका निर्वाचितहरू जिम्मेवारीबाट हट्न नहुने, जनतालाई सङ्कट परेको बेला जिम्मेवारीबाट भाग्न नहुने निर्देशनपछि सबै जनप्रतिनिधिहरूले आ-आफ्ना ठाउँमा बसेर जनताको सेवालाई निरन्तरता दिइरहनुभयो ।

जनप्रतिनिधिविहीन अवस्थामा पनि नगरपालिकाको शैक्षिक विकासको क्रम रोकिएन । २०६० सालमा ख्वप बहुप्राविधिक अध्ययन संस्थान, २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङ र त्यसपछि शारदा मावि/कलेज नगरपालिकाले स्थापना र सञ्चालन गर्‍यो । १५ वर्षसम्म देश जनप्रतिनिधिविहीन हुँदा देश विकासमा २५-३० वर्ष पछि पर्‍यो । भक्तपुर पनि त्यसबाट अछुटो रहेन । सकेसम्म भक्तपुरका जनतालाई जनप्रतिनिधिविहीनताको अनुभव गर्न दिइएन ।

२०७४ सालमा स्थानीय तहको निर्वाचन भयो । गणतान्त्रिक राज्य व्यवस्था, नयाँ संविधानसँगै नेपालमा पहिलोपटक सङ्घीयता कार्यान्वयनमा आयो । संविधानमै स्थानीय तहको अधिकार स्पष्ट उल्लेख गरियो । भक्तपुर नगरपालिकाले संविधानले दिएको अधिकार क्षेत्रभित्र रहेर विभिन्न ऐन-कानुनहरू निर्माण गर्दै सबै क्षेत्रमा विकास निर्माणलाई अगाडि बढायो । शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, विकास निर्माण, सीपमूलक तालिमहरू दिएर भनपाले जनभावनाअनुसार कार्य गर्दै आएको छ ।

२०७९ सालको स्थानीय निर्वाचनमा पनि भक्तपुर नगरपालिकामा शतप्रतिशत नेमकिपाका जनप्रतिनिधिहरूले जीत हासिल गर्नुभयो । पहिले स्थापना गरिएका सबै शैक्षिक संस्थाहरूलाई निरन्तरता दिँदै थप व्यवस्थित रूपमा सञ्चालन गर्दै आएका छौँ । निर्वाचन घोषणापत्रको आधारमा २०७९ सालमा ख्वप कलेज अफ लको स्थापना गरी जनताका छोराछोरीलाई सस्तोमा गुणस्तरीय कानुन शिक्षा (बीएएलएलबी) पाँचवर्षे कक्षा चलाउँदै छौँ । अहिले नपाद्वारा सञ्चालित ७ वटा शैक्षिक संस्थाहरूमा देशभरका ७ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । गरिब विद्यार्थीहरूका लागि रु. ५ लाखसम्म शैक्षिक ऋण, इतिहास, भूगोल, राजनीतिशास्त्र, अर्थशास्त्र, नेपालभाषालगायतका विषयमा अध्ययन गर्ने नगरवासी विद्यार्थीहरूलाई

*बाँकी पृष्ठ ५ मा*

# जारशाही संसद्मा बोल्शेभिक सांसद – ४५

● ए. बादायेभ

*(**टिपोट :** यो पत्र सुरूमा विचारका लागि गृहमन्त्री माक्लाकोभलाई पठाइएको थियो । प्रहरी अभिलेखालयमा यो पत्र पढ्न पाइन्छ । अभिलेखमा माक्लाकोभको टिप्पणी पढ्दा उनी राजशाहीका अब्बल पहरेदार थिए भन्ने उजागर हुन्छ । रोद्जान्कोको पत्रले माक्लाकोभ चिढिए । उनले पत्रमा एउटा नोट लेखे, "प्रहरीले संसद्का पाँच सदस्यहरूलाई अपराधी प्रमाणित गरेको कारबाहीलाई कसैले 'लापरबाह' र 'गैरजिम्मेवार' भनेको म स्वीकार गर्न सक्दिनँ । सभामुख यसमा असहमत हुन सक्नुहुन्छ । तर, तथ्य यही हो । यस्तो कारबाहीलाई 'असह्य' भन्नु उचित होइन बरू 'संसदीय उन्मुक्ति' को आवरणमा दण्डहीन भई राज्यविरूद्ध सङ्गीन कसुर गर्नुलाई 'असह्य' भन्नुपर्छ । कसैको संसदीय उन्मुक्ति भन्दा महत्त्वपूर्ण रूसी राज्यको अखण्डता हो । कानुन मिच्न खोज्ने सांसदहरूलाई प्रहरीले सधैँ ठेगान लगाउनेछ । क्रान्तिको लागि लड्ने, जनताबिच असन्तोषको बीउ रोप्ने काम प्रशासनले गरेको होइन । बरू, प्रशासनसामु लापरबाही ढङ्गले चिच्याउनुबाहेक केही नजान्ने कायरहरूले ती काम गरिरहेका छन् । यस्ता व्यवहारलाई फाल्ने बेला भइसक्यो । असन्तोषको झूटो राइलो सनक मात्र हो । घटनासँग यसको कुनै सम्बन्ध छैन । म फेरि पनि संसद् सदस्यलाई पत्ता लगाएर गिरफ्तार गर्ने प्रहरी बलका ती सदस्यहरूलाई धन्यवाद भन्छु ।")*

गोरेमिकिनलाई लेखिएको निरर्थक र नाथे पत्र नै मजदुर सांसदहरूको पक्राउका सम्बन्धमा संसद्को बहमतले चालेको एक मात्र पाइला थियो । मेन्शेभिक र त्रुदोभिकहरूले संसद्को विशेष अधिवेशन बोलाउन गरेको पहललाई रोद्जान्कोले एकै झपटमा रोकिदिए । उनले सदन बन्द भइरहेको बेला कानुनले संसद्हरूको बैठक बस्न नदिने घोषणा गरे । उनको विचारमा बैठक बस्न आवश्यक नै थिएन ।

लामो अन्तरालपछि सन् १९१५ को जनवरीमा पुन: संसद्को बैठक बस्यो । हाम्रो पक्राउको विषयमा संसद्को बहुमतले प्रश्न उठाउनै दिएन । सरकारलाई प्रश्न गर्ने विषयमा सांसदहरूको हस्ताक्षर सङ्कलन गर्न असम्भव भएको भन्दै क्याडेटले प्रश्नलाई लत्याए । चखाइद्जे र करेन्स्कीले बजेटको विषयमा बोल्ने बेला धेरै समय बोल्शेभिक समूहको दुर्दशाबारे नै बोले । तर, सभामुखले त्यसलाई पत्रिकामा छाप्नबाट रोके ।

स्वाभाविकै थियो, कालासय सदनले रोमानोभ सरकारको निर्णयलाई शिरोपर गऱ्यो । हाम्रो समूहको पक्राउबाट सम्पूर्ण क्रान्तिकारी सङ्घसङ्गठनलाई तहसनहस पार्ने अध्यायको पटाक्षेप भयो । सदनका बहुमत सांसदहरूको आकाङ्क्षा पनि यही थियो । सरकारले जनपद र गुप्त प्रहरीका मान्छेलाई घरभित्रका नायक भन्दै पुरस्कार बाँड्यो । त्यो बेला रूसी उदारवादका 'फूलहरू' ले जारशाहीको पाउमा खुसामदी घुँडा टेके ।

तर, विरोधी शिविरमा के भइरहेको थियो ? कलकारखाना र खानीहरूको हाल कस्तो थियो ? बोल्शेभिक सांसदहरू पक्राउ परेको खबरले जनता आक्रोशित भए । सरकारका दु:खी कठपुतली अक्टोबरवादीहरूले समेत यो तथ्य बुझेका थिए । बोल्शेभिक सांसदहरूलाई नष्ट गरे रूसी सर्वहारा जनताबिच शक्तिशाली ज्वारभाटा उठ्छ-उठ्छ भन्ने उनीहरूले बोले । उनीहरूको बुझाइ गलत थिएन । क्रान्तिकारी आन्दोलनको मूल मागसँगै बोल्शेभिक सांसदहरूलाई पनि रिहा गर्नुपर्छ भनेर फेब्रुअरी क्रान्तिसम्मै मजदुरहरूले सङ्घर्ष गरिरहे । तर, हामीलाई पक्राउ गर्ने बेला लामो समयसम्म टिक्ने आन्दोलन उठाउनका लागि मजदुर वर्गसँग पर्याप्त शक्ति थिएन । युद्धको आतङ्कले देशको घाँटी समाइरहेको अवस्था थियो । क्रान्तिकारी क्रियाकलापमा भाग लिएको खण्डमा कि त सैन्य अदालतले मृत्युदण्ड दिन्थ्यो नत्र लामो समयलाई श्रमशिविरको दण्ड भोग्नुपर्थ्यो । समूहको पक्राउ हुनुको अर्थ रूसभित्रको मुख्य पार्टी केन्द्र नै ध्वस्त भएको थियो । पार्टी गतिविधिका सबै धागा संसद्का 'पाँच बोल्शेभिक' सँग जोडिएका थिए । अब ती धागोहरू चुँडेको अवस्था थियो ।

सांसदहरूलाई पक्राउ गर्न तम्तयार भएपछि समूहको प्रतिरक्षामा मजदुरहरूले कुनै पनि गतिविधि गर्न नपाऊन् भनेर गुप्त प्रहरीले अनेक होसियारी अपनायो । मजदुर बहुल जिल्लाहरूमा दोब्बर गुप्तचर खटाइयो । धेरै पार्टी कार्यकर्ताहरूलाई पक्राउ गरियो । यति हुँदाहुँदै पनि सेन्ट पिटर्सबर्ग समितिले पक्राउका सम्बन्धमा वक्तव्य जारी गर्न भ्यायो । वक्तव्यका नक्कल प्रति बनाएर नोभेम्बर ११ मा वितरण गरियो । वक्तव्यमा मजदुरहरूलाई हडतालमा उत्रिन र विरोधमा बैठकहरू गर्न आह्वान गरिएको थियो । वक्तव्य यसप्रकार थियो :

"कामरेडहरू, नोभेम्बर ५ मा राति दुष्ट जारशाही सरकारले रूसी सामाजिक जनवादी मजदुर समूहका सदस्यहरूलाई जेलमा हाल्यो । यसअघि पनि यो सरकारले प्रजातन्त्रका योद्धाहरूको रगतले हात रङ्ग्याएको थियो; यो जल्लादहरूको सरकार हो; यसले दोस्रो संसद्का निर्वासित मजदुर सांसदहरूलाई यातना दिएको छ; हजारौँको सङ्ख्यामा सर्वहारा जनताका उत्कृष्ट सन्तानहरूलाई कैदमा राखेको छ ।

यो निरङ्कुश सरकार तीन करोड मजदुरहरूका संसदीय प्रतिनिधिहरूविरूद्ध निर्लज्ज र निन्दनीय शैलीमा उत्रेको छ । जार र जनता एक भए भन्ने झूट र कपटपूर्ण प्रलाप अहिले उदाङ्गो भयो । जनतालाई दिएको धोका र भ्रष्टाचार अहिले छताछुल्ला भयो । जारशाही सरकारको अत्याचार अति भइसक्यो । अब मजदुरवर्ग र सम्पूर्ण प्रजातन्त्रप्रेमी शक्तिहरूले जनताको सच्चा प्रतिनिधित्वको निम्ति, संविधानसभाको आयोजनाका निम्ति लड्नुपर्ने बेला आएको छ ।

यो युद्ध र सैन्य कानुनले सरकारलाई सर्वहारा जनताको हकहितका निम्ति बहादुरीसाथ लडिरहेका मजदुर सांसदहरूमाथि हमला गर्ने मौका दिएको छ ।

बन्दुक र बारूदको आवाजबिच सरकारले क्रान्तिकारी आन्दोलनलाई रगतको नदीमा डुबाउने प्रयास गर्दै छ । मजदुर र किसानहरूलाई मारेर उसले स्वतन्त्रताको तिनको आशालाई मार्ने सोचेको छ ।

सम्पूर्ण स्लाभ जनताको मुक्तिको ध्वाँस फलाक्दै जारशाही सरकारले मजदुरवर्गका सम्पूर्ण सङ्घसङ्गठनलाई निमिट्यान्न पार्दै छ, मजदुरहरूको छापाखानालाई ध्वस्त पार्दै छ । उसले सर्वहारा जनताका अब्बल लडाकुहरूलाई जेलमा कोच्दै छ ।

यतिले मात्र मजदुरवर्गको दुश्मनको मन मरेको छैन । उसले मजदुरहरूका सांसदमाथि आक्रमण गर्ने निर्णय गरे किनभने उनीहरूले सरकारको दमनकारी, हिंस्रक र जेलनेलमुखी नीतिविरूद्ध वीरतापूर्वक लडिरहेका थिए । जारशाही डाँकाहरूले मजदुरवर्गले छनोट गरेको प्रतिनिधिहरूलाई भने – तिमीहरू बस्नुपर्ने यही जेलमा हो ।

मजदुरवर्गलाई नै जेलमा कोचेझैँ भएको छ । डाँका र शोषकहरूको गिरोहले, नरसंहार मच्चाउने गिरोहले रूसको समग्र मजदुर वर्गलाई निन्दा गर्ने दुस्साहस गरेका छन् । मजदुर वर्गमाथि जीवन र मृत्युबिच एउटा चुन्ने खण्ड आइलागेको छ । तर, सैनिक शासनको जतिसुकै कठोर दमनचक्रले पनि मजदुरहरूलाई विरोधको स्वर दबाउन सक्ने छैन । रूसका करोडौँ मजदुरहरूले 'जल्लाद र हत्याराहरू मुर्दावाद' को नारा लगाइरहनेछन् । उनीहरू आफ्ना सांसदहरूको रक्षा गर्न तम्तयार छन् ।

कामरेडहरू, रूसी सामाजिक जनवादी मजदुर पार्टीको सेन्ट पिटर्सबर्ग समिति जारशाही जमिनदारहरूको गुटका कर्तुतहरूविरूद्ध सेन्ट पिटर्सबर्गका सम्पूर्ण मजदुरसँ ग बैठकहरूका डाक्न र एकदिने हडतालमा उत्रिन आह्वान गर्छ ।

जारशाही मुर्दावाद !

लोकतान्त्रिक गणतन्त्र जिन्दावाद !

रूसी सामाजिक जनवादी मजदुर पार्टी जिन्दावाद !

समाजवाद जिन्दावाद !

नोभेम्बर ११, रूसी सामाजिक जनवादी मजदुर पार्टीको सेन्ट पिटर्सबर्ग समिति ।"

त्यही बेला सेन्ट पिटर्सबर्गको सामाजिक जनवादी विद्यार्थी सङ्गठनले निम्न वक्तव्य जारी गरेको थियो :

"रूसी निरङ्कुशतन्त्र मैमत्त छ । देशविरूद्ध यसको कुकर्म रोकिएको छैन । हालै भएको सामाजिक जनवादी समूहको पक्राउ सत्ताविद्रोहसरह हो । जनतालाई प्रतिनिधि छान्न दिने नाटकको पटाक्षेप भएको छ । स्वेच्छाचारीहरूले सक्कली रूप देखाइसकेका छन् । प्रजातन्त्रको आँखैअगाडि घृणास्पद नाङ्गो नाच चल्दै छ ।"

वक्तव्य जारी गर्दै गर्दा सेन्ट पिटर्सबर्ग समितिले मजदुरहरू ठुलो आकारमा विरोधमा उत्रिने सम्भावना देखेको थिएन । पर्चाको उद्देश्य केवल मजदुरहरूलाई नयाँ सरकारको अपराध अवगत गराउनु थियो । त्यसमो उद्देश्य सरकार र पुँजीवादी पत्रपत्रिकाले चलाइरहेको देशभक्तिको रटानलाई जवाफ दिनु थियो । समूहलाई पक्राउ गर्नुको अर्थ समस्त रूसी मजदुर वर्गलाई जेलमा थुन्नु बराबर हो भनी औँल्याउँदै हाम्रो पार्टीले जनतालाई जारशाही सरकारलाई चुनौती दिन तम्तयार रहन भन्यो ।

तर, पर्चाको प्रभाव तत्कालै देखियो । धेरै कारखानाका मजदुरले एकदिने हडतालको आह्वान गरे । कतिपय कारखानामा ठुलो शक्ति परिचालन गरेर मजदुरलाई हडतालमा उत्रिनबाट रोकियो ।

'नयाँ लेसनर' कारखानाका मजदुरहरूले हडताल गर्ने विषयमा बिहानीपख छलफल गर्दै थिए । यत्तिकैमा दलबलसहित प्रहरी आइपुग्यो । यो दस्तालाई त्यसअघि नै कारखानामा राखिएको थियो । प्रहरी मजदुरहरूमाथि जाइलाग्यो र 'पाठ पढाउने गरी' मजदुरहरूलाई पक्राउ गऱ्यो । यही हत्कन्डा अपनाएर अन्य कारखानाका हडताललाई पनि सरकारले दबायो ।

हडताल भएका स्थानहरूमा कठोर सजाय दिइयो । एकदम खतरनाक मानिएका मजदुरहरूलाई दनादन समाउँदै पिटर्सबर्गबाहिर गलहत्याइयो । कतिपय मजदुरलाई नयाँ नयाँ दण्ड दिइयो । सेनाले जगेडामा राखिएका मजदुरलाई अथवा सैन्य सम्झौतामा नै ढिलो काम दिने तय भएका मजदुरलाई तुरून्तै लडाइँको अग्रमोर्चामा पठाइयो । पार्भायनिन कारखानाका १५ सय मजदुरले हडतालमा भाग लिएका थिए । तीमध्ये १० जनालाई निर्वासनमा पठाइयो भने २० भन्दा बढी मजदुरलाई युद्धका अघिल्ला मोर्चामा पठाइयो ।

यस्तो स्थितिमा हडतालले ठुलो आकार लिने सम्भावना थिएन । तर, यिनै हडतालबाट पनि मजदुरवर्गको आन्दोलन पूर्णत: नदबेको र ढिलोचाँडो यो बलशाली भएर उदाउने पुष्टि भयो ।

हाम्रो पार्टीसामु गर्नुपर्ने अथाह काम थियो । तर, काम गर्नलाई अतिशय गाऱ्हो थियो । संसदीय समूह पक्राउ गरेपछि हाम्रो सङ्गठनलाई नामेटजस्तै भएको थियो । केन्द्रीय समिति रूसबाट काटिएको वा एकदम अलगिगएको थियो । अब समग्र पार्टी सङ्गठन निर्माण गर्ने काम उसकै काँधमा आएका थिए । एकदम चनाखो हुँदै लेनिनले स्टकहोममा रहेका श्ल्याप्निकोभलाई चिठी लेख्नुभयो, "यो खबर साँचो हो भने अत्यन्त दु:खद हो ।" चिठीमा उहाँले समूह पक्राउ परेको खबर साँचो हो-होइन, पत्ता लगाउन भन्नुभएको थियो ।

तीन दिनपछि लेनिनले खबर पक्का भएको थाहा पाउनुभयो । उहाँले श्ल्याप्निकोभलाई पुन: लेख्नुभयो, "डरलाग्दो घटना भएछ । झट्ट हेर्दा सरकारले रूसी सामाजिक जनवादी मजदुर समूहसँग मात्र बदला लिन खोजेजस्तो देखिन्छ । उसले अन्त नजर नलाएको प्रतीत हुन्छ । तर, हामीले योभन्दा पनि भयावह स्थिति आउन सक्छ भनी सोच्नुपर्छ । किर्ते कागजात, झूटा प्रमाण, बनावटी बयान, गुप्त इजलास जे पनि हुन सक्छ ।" लेनिनले पार्टी गतिविधिसँग सम्बन्धित यामानका कठिनाइतर्फ औँल्याउनुभयो । साँच्चै हाम्रा कठिनाइ सयौँ गुणा बढेका थिए । उहाँले लेख्नुभयो, "तैपनि हामीले प्रयास जारी राख्नेछौँ । 'प्राभ्दा' ले हजारौँ वर्गसचेत मजदुरलाई शिक्षा दियो । जति कठिनाइ भए पनि तिनै मजदुरहरूबाट नेताहरूको नयाँ समूह, नयाँ रूसी केन्द्रीय समिति जन्मिनेछ ।..."

सदाझैँ लेनिनको शब्दमा मजदुरवर्गको शक्ति र क्रान्तिको विजयमाथि मनग्गै आस्था थियो । पार्टी गतिविधिमा आएका कठिनाइहरूलाई उहाँले प्रस्टै देख्नुभयो । तर, क्रान्तिकारी सङ्घर्षको सबैभन्दा सङ्गीन अवधिमा समेत लेनिनमा निहीत अपवादस्वरूप शक्ति र ऊर्जा एक क्षण पनि डग्मगाएनन् ।

**पाठ २५**

**मुद्दा**

कारागारमा । कोर्ट मार्सलको प्रश्न । मजदुर प्रदर्शनको तयारी । इजलास । समूहका सदस्यहरूको घोषणा । सरकारी वकिलको मन्तव्य । प्रतिरक्षाका मन्तव्यहरू । सजाय ।

हामीलाई संसारबाट एकदम अलग कडा पहराभित्र काठकोठरीमा थुनिएको थियो । बेलाबेला हामी रूसी सेनाले जितेको र देशभरि देशभक्तिको लहर चलेको सरकारी समाचार र प्रतिवेदनका टुक्राटाक्री सुन्थ्यौँ ।

सेन्ट पिटर्सबर्गका कारखानाहरूमा नयाँ दृश्य देखापऱ्यो । 'जनतासँग एकता' लाई मूर्त रूप लिने प्रयासमा राजा निकोलस आफै कारखानाहरूमा चक्कर लगाउन निस्के । रोबदार लुगामा ठाँटिएर र पोशाक लगाएका अर्दलीहरूको भीड र नलगाएका प्रहरीले सावधानीपूर्वक घेरिएर राजाले विभिन्न कारखानाको भ्रमण गरे । उनी पुतिलोभ कारखानालगायत विभिन्न सरकारी कारखानामा गए । पूरै भ्रमण नाटकजस्तै नियमबद्ध मञ्चन गरिएको हुन्थ्यो । भ्रमणसँगै देशभक्तिका धुमधाम जुलुसहरू गरिन्थ्यो । जुलुसमा 'जिन्दावाद' का नारा लाग्थे, राष्ट्रगान घन्किन्थ्यो, राष्ट्रिय चिह्न फहराइन्थ्यो । नाटकझैँ झिलिमिली हुन्थ्यो ।

मजदुरहरू के हुँदै छ ? क्रान्तिकारी प्रचारप्रसार कसरी गरिँदै छ ? तिनका मनोभावना कस्ता छन् ? यी कुरा हामीलाई थाहा थिएन । थाहा पाउने उपाय पनि थिएन ।

पक्राउ गरेको दुई-तीन दिनपछि हामीलाई सोधपुछ गरियो । फर्केर सँगै हुँदा हामी आपसमा कुराकानी गर्थ्यौँ । तर, छिट्टै हामीलाई अलग पारियो र व्यक्तिपिच्छे छानबिन सुरू भयो ।

ओज्योर्कीमा खानतलासी हुँदा नै हामीले पार्टी भेला गरिरहेका थियौँ भनेर प्रमाणित गर्नबाट प्रहरीलाई हर हिसाबले रोक्ने प्रण गरेका थियौँ । हामीले सबै महत्त्वपूर्ण दस्ताबेज, माइन्युट, एजेन्डा आदि नष्ट गऱ्यौँ । हामी श्रीमती गारिलोभका पाहुना मात्र थियौँ भन्ने निधो गरेका थियौँ । अधिकृतले सोधपुछ गर्ने बेला हामीले यही कुरा भनिरह्यौँ र अर्थोक केही स्वीकारेनौँ । हामी श्रीमती गारिलोभका पाहुना थियौँ र त्यही मौकामा मजदुर सङ्गठन, बीमाको मुद्दा, पत्रिकाको प्रकाशनबारे छलफल गरेका थियौँ भन्यौँ । एकैपल्ट हामीसँग धेरैले भेट्न खोज्दा प्रहरीको आँखामा परिने हुनाले हाम्रो समूहले मौकामा केही मजदुर प्रतिनिधिसँग भेट्नु पनि अन्यथा नभएकोमा हामीले जोड दियौँ । हामीसँग पार्टी साहित्य भेटिएको प्रश्नमा हामी सांसद हुनाले देशका विभिन्न राजनीतिक विचारबारे जानकारी राखिरहनुपर्ने बतायौँ । प्रश्न सोध्ने अधिकृतले युद्धप्रति हाम्रो धारणाबारे प्रश्न गर्दा हामीले जुलाई २६ गते संसद्मा वाचन गरिएको सामाजिक जनवादी समूहको वक्तव्य हेर्न भन्यौँ ।

शागोभले कामको सिलसिलामा श्रीमती गाभ्रिलोभ संसदीय समूहको कार्यालयमा आउँदा उनीसँग चिनापर्ची भएको र पछि उनले नै समूहका सदस्यहरूलाई घरमा बोलाएको बताए । उनको घरमा कुनै भेलासेला नभएको, कुनै निर्णयको खेस्रा नगरिएको बरू पूरै बातचित बीमा क्लब र पत्रिकाको प्रकाशनकै सेरोफेरोमा घुमेको शागोभले बताए ।

मैले श्रीमती गाभ्रिलोभको निमन्त्रणामा आफू त्यहाँ गएको बताएँ । मुद्दासँग त्यो निम्तोको कुनै सम्बन्ध नरहेको र साथीहरूबिच मामुली कुराकानी भएको भनेँ । भेलाको आयोजना र निर्णय गर्ने जस्ता कुनै काम नभएको बताएँ ।

कुरा फुत्काउने प्रयास गर्दै अधिकृतले लगातार मसँग सेन्ट पिटर्सबर्गका प्रतिनिधिहरू आन्तिपोभ र कोज्लोभको विषयमा सोधिरह्यो । उनीहरू दुवै सेन्ट पिटर्सबर्ग समितिका सदस्य थिए । आन्तिपोभ सेन्ट पिटर्सबर्ग समितिका पदाधिकारी नै थिए । आन्तिपोभसँग चिनापर्चीको विषयमा मैले बेरोजगार हुँदा मसँग भेट्न आएको र काम खोजिदिन आग्रह गरेको बताएँ । गाभ्रिलोभमा पनि यही कुराका लागि आएका थिएँ भने ।

---

**भक्तपुरलाई...**

विद्यावारिधिसम्म पूर्ण छात्रवृत्तिको व्यवस्था गर्दै शैक्षिक क्षेत्रलाई अझ व्यवस्थित र व्यापक बनाउँदै छौँ । शिशुस्याहार केन्द्रदेखि स्नातकोत्तर तहसम्म शैक्षिक संस्थाहरू चलाउने भक्तपुर नेपालको एक मात्र नगरपालिका हो । सरकारले विधेयक पारित गरिदिएको भए ख्वप विश्वविद्यालयहरू सञ्चालन गर्न पनि हामी तयार छौँ । त्यसको लागि हामीले प्रयास जारी राखेका छौँ ।

स्वास्थ्य क्षेत्रमा वडा वडामा स्वास्थ्य केन्द्रहरूको व्यवस्था, घरदैलो नर्सिङ सञ्चालन, १०० शय्याको ख्वप अस्पताल सञ्चालनले भक्तपुरका जनतालाई मात्र होइन सारा जनतालाई स्वास्थ्य उपचार सेवामा सुविधा भएको छ । गत आ.व. २०८१/०८२ मा ७० भन्दा बढी जिल्लाका २ लाख ८९ हजार बिरामीलाई ख्वप अस्पतालले सेवा दिन सफल भयो । जनताको सेवालाई ध्यान दिएर वर्षको ३६५ दिन चल्ने र दैनिक ११ घण्टा विशेषज्ञसहित ओपीडी सेवा दिने ख्वप अस्पतालको विशेषता हो भने नगरपलिकाले भक्तपुरवासीहरूलाई नि:शुल्क अक्सिजन र नि:शुल्क रगतको पनि व्यवस्थासँगै गरिबहरूको लागि नि:शुल्क उपचारको पनि व्यवस्था गर्दै आएका छौँ ।

सांस्कृतिक नगर भक्तपुरका मूर्त तथा अमूर्त सम्पदाहरूलाई जीवन्त राख्न भनपाले निरन्तर जोड दिँदै आएको छ । विदेशीको सहयोगमा होइन आफ्नै पौरखले हाम्रो सम्पदा उठाउनुपर्छ भन्ने भावनाले नगरपालिकाले जनतासँग मिलेर श्रमदान, आर्थिक सहयोग लिएर सम्पदाहरूको पुनर्निर्माण र जीर्णोद्धार गर्दै आएको छ ।

२०७२ सालमा ढलेका सयौँ सम्पदाहरू विदेशीको सहयोगबिना जस्ताको तस्तै पुन:निर्माण र जीर्णोद्धार सम्पन्न भइसकेका छन् । भूकम्पपछि हालसम्म क्षतिग्रस्त र नयाँ निर्माणसमेत गरेर १६९ वटा सम्पदाहरू पुन:निर्माण र जीर्णोद्धार सम्पन्न गरिसकेका छौँ भने अझै डेढ दर्जन सम्पदाहरू पुन:निर्माण र जीर्णोद्धारको क्रममा छन् । सांस्कृतिक नगरको पहिचानलाई कायम राख्न समय-समयमा सांस्कृतिक प्रतियोगिता, बहाबही चिनौँ, पोखरी चिनौँ ! योमारी उत्सवजस्ता गतिविधिहरू गर्दै आएका छौँ । यसले आन्तरिक र बाह्य पर्यटन विकासमा टेवा पुगेको हाम्रो अनुभव छ । गत वर्षमात्रै हामीले भव्य 'भक्तपुर महोत्सव' सम्पन्न गऱ्यौँ । भक्तपुर पर्यटकीय गन्तव्यको रूपमा विकास हुँदै छ । नेपाल आउने पर्यटकहरूमध्ये २५ देखि ३० प्रतिशत भक्तपुर आउने गरेको रेकर्ड छ ।

सरसफाइलाई पनि मौलिक शैलीमै व्यवस्थापन गर्दै आएका छौँ । कुहिने र नकुहिने अलग अलग फोहर सङ्कलन गरी कुहिने फोहर जतिको कम्पोस्ट मल बनाई किसानहरूलाई बिक्री गर्दै आएका छौँ भने नकुहिने फोहर छुट्याएर बिक्री गर्दै फोहरलाई पनि नगरपालिकाको आयस्रोत बनाउने प्रयास गर्दै आएका छौँ ।

युवाहरू बिदेसिने क्रमलाई न्यूनीकरण गर्न युवाहरूलाई लक्षित गरी विभिन्न सीपमूलक तालिमहरूको व्यवस्था गर्दै आएका छौँ । सिकर्मी, डकर्मी, कुक, सिलाइ, कम्प्युटर, जग्गा नापजाँच, प्लम्बिङ, विद्युत्, हेयर कटिङ, छाला जुत्ता बनाउनेजस्ता थुप्रै तालिमहरू दिइरहेका छौँ । यसले युवाहरूलाई आत्मनिर्भर बन्न मद्दत पुऱ्याएको अनुभव छ ।

यसरी भनपाले निर्वाचनमा जनताबिच घोषणामार्फत गरेका प्रतिबद्धताहरू पूरा गर्न शिक्षा, स्वास्थ्य उपचार, सम्पदा संरक्षण, सरसफाइ तथा विभिन्न पर्यटनकेन्द्रित गतिविधिहरू गर्दै जनताको सेवा गर्दै आएको छ ।

नेमकिपाका अध्यक्ष नारायणमा बिजुक्छेँ (रोहित) ले २५-२६ वर्षअघि देख्नुभएको सपनाअनुसार भक्तपुर 'एक घर एक स्नातक', पारदर्शी, भ्रष्टाचारमुक्त, स्मारक संरक्षित, कला संस्कृति जोगिएको र आफ्नो छुट्टै पहिचान बोकेको नमुना नगरको रूपमा विकास हुँदै छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा स्पष्ट दृष्टिकोण राख्दै आउनुभएका, देश विकासको दीर्घकालीन सोच तथा भक्तपुरको सय वर्षपछिको मार्गचित्र कोर्नुभएका आदरणीय नेता नारायणमान बिजुक्छेँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ । भक्तपुरको विकासको निम्ति विगतदेखि वर्तमानसम्म निर्वाचित पदमा काम गर्नुभएका जनप्रतिनिधिहरू, नेमकिपाका नेता कार्यकर्ताहरू, राजनैतिकरूपमा फरक विचार भए पनि विभिन्न रचनात्मक आलोचना गरी सहयोग गर्ने विभिन्न राजनैतिक दलका नेता कार्यकर्ताहरू र भक्तपुरका सबै तह र तप्काका जनताप्रति नगरपालिका स्थापनाको ७६ औँ वर्षको अवसरमा हार्दिक आभार व्यक्त गर्दछौँ ।

***(भक्तपुर नगरपालिकाको ७६ औँ स्थापना दिवसको अवसरमा पुस २ गते योमारी प्रतियोगितामा विजयीहरूलाई पुरस्कार वितरण तथा धन्यवाद ज्ञापन कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नुभएको मन्तव्य)***

# तेल नाकाबन्दी अस्वीकार गर्दै भेनेजुयला



काराकास, १८ डिसेम्बर (एएफपी)। भेनेजुयलाले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घोषणा गरेको तेल नाकाबन्दीको कडा अवहेलना गर्दै आफ्नो कच्चा तेल निर्यातमा कुनै असर नपरेको दाबी गरेको छ। बुधबार काराकासले सार्वजनिक प्रतिक्रिया दिँदै तेल व्यापार सामान्य रूपमा जारी रहेको स्पष्ट पारेको हो।

मङ्गलबार ट्रम्पले भेनेजुयलाबाट भित्र-बाहिर हुने सबै तेल ट्याङ्करहरूलाई लक्षित गर्दै 'पूर्ण र सम्पूर्ण अवरोध' लगाएको घोषणा गरेका थिए। यो कदमलाई अधिनायकवादी वामपन्थी राष्ट्रपति निकोलस मादुरोविरुद्ध महिनौँदेखि चलिरहेको सैन्य तथा आर्थिक दबाब अभियानको पछिल्लो कडीका रूपमा हेरिएको छ।

विश्वकै सबैभन्दा ठुलो प्रमाणित तेल भण्डार रहेको भेनेजुयलाले भने यस्तो घोषणाले आफूलाई नछोएको बताएको छ। राज्य स्वामित्वको तेल कम्पनी पेट्रोलिओस डे भेनेजुयला (पिडिभिएसए) ले विज्ञप्ति जारी गर्दै 'कच्चा तेल तथा उप-उत्पादनको निर्यात सञ्चालन पूर्ण रूपमा सामान्य अवस्थामा छ र कम्पनीसँग सम्बन्धित ट्याङ्करहरू सुरक्षित रूपमा यात्रा गरिरहेका छन्' भनी जानकारी दिएको छ।

ट्रम्पले क्यारिबियन क्षेत्रमा रहेको भारी अमेरिकी सैन्य उपस्थितिको उल्लेख गर्दै भेनेजुयला 'दक्षिण अमेरिकाको इतिहासकै सबैभन्दा ठुलो नौसैनिक घेराबन्दीमा परेको' चेतावनी दिएका थिए। बुधबार पुनः उनले अमेरिकी सेनाले कसैलाई पनि भेनेजुयलाभित्र पस्न नदिने दोहोऱ्याउनुभयो र भेनेजुयलाले 'हाम्रो सबै तेल लिएको' आरोप लगाउनुभयो। उहाँले भेनेजुयलाको तेल उद्योग राष्ट्रियकरणप्रति सङ्केत गर्दै अमेरिका आफ्नो ऊर्जा अधिकार फिर्ता चाहने धारणा व्यक्त गर्नुभएको हो।

यसैबिच राष्ट्रपति मादुरोले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेससँग टेलिफोन वार्ता गरी वासिङ्टनबाट आएका 'खतराहरूको वृद्धि' र त्यसले क्षेत्रीय शान्तिमा पार्न सक्ने प्रभावबारे छलफल गर्नुभएको छ। महासचिव गुटेरेसले दुवै पक्षलाई संयम अपनाउन र तनाव कम गर्न आग्रह गर्नुभएको छ।

भेनेजुयलाको अर्थतन्त्र मुख्यतः पेट्रोलियम निर्यातमा निर्भर छ। ट्रम्पको दबाब अभियानको उद्देश्य मादुरोको आन्तरिक समर्थन कमजोर पार्नु रहेको विश्लेषकहरू बताउँछन्। तर भेनेजुयलाको सेनाले आफूहरू यस्तो धम्कीबाट 'डराएका छैनौँ' भन्ने प्रतिक्रिया दिएको छ।

भेनेजुयलाको तेलको प्रमुख बजार चीनले पनि काराकासलाई समर्थन जनाएको छ। चिनियाँ विदेशमन्त्रीले आफ्ना भेनेजुयलाली समकक्ष यवन गिलसँग फोनवार्ता गर्दै सबै एकपक्षीय धम्कीको विरोध गर्ने र सबै देशको सार्वभौमिकताको रक्षा गर्न समर्थन जनाउने बताउनुभएको छ।

गत हप्ता एम/टी स्किपर नामक जहाज अमेरिकी कारबाहीमा कब्जा भएपछि मादुरोविरुद्धको दबाब झनै तीव्र भएको मानिन्छ। अगस्टमा ट्रम्पले क्यारिबियन क्षेत्रमा सन् १९८९ पछि सबैभन्दा ठुलो अमेरिकी सैन्य तैनाथीको आदेश दिनुभएको थियो, जसलाई औपचारिक रूपमा लागुऔषध तस्करीविरुद्धको कदम भनिए पनि भेनेजुयलालाई लक्षित गरिएको आरोप काराकासले लगाउँदै आएको छ।

क्यारिबियन र पूर्वी प्रशान्त क्षेत्रमा भएका यस्ता अमेरिकी कारबाहीमा कम्तीमा ९९ जनाको ज्यान गइसकेको छ, पछिल्लो आक्रमणमा मात्र चार जनाको मृत्यु भएको बताइएको छ। काराकासले यी अपरेसनहरू मादुरोलाई हटाउने र भेनेजुयलाको तेल नियन्त्रणमा लिने प्रयासको आवरण भएको दाबी गरेको छ।

बढ्दो तनावका बिच सम्भावित अमेरिकी हस्तक्षेपको डर पनि चुलिँदै गएको छ। मेक्सिकोकी राष्ट्रपति क्लाउडिया सेनबामले संयुक्त राष्ट्रसङ्घको भूमिका कमजोर देखिएको टिप्पणी गर्दै 'कुनै पनि रक्तपात रोक्न' अन्तर्राष्ट्रिय पहल आवश्यक रहेको बताउनुभएको छ।

अमेरिकी नाकाबन्दीले भेनेजुयलाको कमजोर अर्थतन्त्रलाई गहिरो असर पारेको इतिहास छ। सन् २०१९ देखि अमेरिकी तेल प्रतिबन्ध झेल्दै आएको भेनेजुयलाले आफ्नो तेल कालो बजारमा निकै सस्तो मूल्यमा, मुख्यतः एसियाली मुलुकहरूमा बेच्नुपरेको छ। हाल देशले प्रतिदिन करिब १० लाख ब्यारेल तेल उत्पादन गर्छ। यो उत्पादन सन् २००० को सुरुआतितिरको उत्पादनभन्दा धेरै कम हो।

विश्लेषकहरूका अनुसार यो नयाँ नाकाबन्दीले छोटो अवधिमा भेनेजुयलाको अर्थतन्त्रको 'मुख्य जीवनरेखा काट्न सक्ने' खतरा बोकेको छ र मध्यम अवधिको प्रभाव अमेरिका-भेनेजुयला सम्बन्ध कतातर्फ जान्छ भन्नेमा निर्भर रहनेछ।

# रूसी सम्पत्ति प्रयोगमा ईयूको निर्णायक शिखर सम्मेलन

ब्रसेल्स, १८ डिसेम्बर (एएफपी)। युरोपेली सङ्घ (ईयू) का नेताहरू युक्रेनलाई सहयोग गर्न फ्रिज भएको रूसी सम्पत्तिहरू प्रयोग गर्ने विषयमा निर्णायक मानिएको शिखर सम्मेलनका लागि बिहीबार ब्रसेल्समा भेला भएका छन्। यस बैठकमा मुख्य रूपमा बेल्जियमको आपत्तिलाई सम्बोधन गर्दै सहमति जुटाउने प्रयास केन्द्रमा रहनेछ।

रूस-युक्रेन युद्ध चौथो वर्षमा प्रवेश गर्न लाग्दा र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्ध अन्त्यका लागि छिटो सम्झौतामा जोड दिँदै आउनुभएको सन्दर्भमा २७ सदस्यीय ईयू ब्लकले युक्रेनको स्थिति बलियो बनाउन खोजिरहेको छ। अधिकारीहरूले युक्रेनको अस्तित्व र युरोपको विश्वसनीयता दुवै दाउमा रहेको भन्दै वार्ता अन्तिम क्षणसम्म चल्न सक्ने बताएका छन्।

जर्मनीका चान्सलर फ्रेडरिक मेर्जले यस हप्ता चेतावनी दिँदै भन्नुभयो, "यदि हामी यसमा असफल भयौँ भने ईयूको कार्य गर्ने क्षमतामा वर्षौँसम्म गम्भीर क्षति पुग्नेछ।" उहाँले यसलाई युरोपका लागि ऐतिहासिक क्षणको परीक्षा भएको उल्लेख गर्नुभयो।

ईयूको अनुमानअनुसार राष्ट्रपति भोलोदिमिर जेलेन्स्की नेतृत्वको युक्रेनलाई आगामी दुई वर्षसम्म टिकिरहन थप करिब एक खर्ब ३५ अर्ब युरो आवश्यक छ र अप्रिलदेखि नगद सङ्कट सुरु हुन सक्ने अवस्था छ। यस खाडललाई कम गर्न युरोपेली आयोगले रूसी केन्द्रीय बैंकको करिब दुई खर्ब १० अर्ब युरो बराबरका फ्रिज भएका सम्पत्तिहरू प्रयोग गर्ने योजना अघि सारेको छ।

प्रस्तावित योजनाअन्तर्गत पहिलो चरणमा दुई वर्षभित्र युक्रेनलाई करिब ९० अर्ब युरो उपलब्ध गराइनेछ। यो एक नयाँ वित्तीय संयन्त्र हो, जसमा ती कोषहरू ईयूलाई ऋणका रूपमा दिइने र ईयूले त्यसलाई युक्रेनलाई ऋणस्वरूप उपलब्ध गराउने व्यवस्था गरिएको छ। क्रेमलिनले युद्धबाट भएको क्षतिको क्षतिपूर्ति तिरेपछि मात्र युक्रेनले ती 'क्षतिपूर्ति ऋण' फिर्ता गर्ने अवधारणा अघि सारिएको छ।

तर यो योजनामा बेल्जियम सबैभन्दा ठुलो अवरोध बनेको छ। बेल्जियममा रहेको अन्तर्राष्ट्रिय निक्षेप संस्था युरोक्लियरमा रूसी सम्पत्तिको ठुलो हिस्सा सुरक्षित भएकाले मस्कोबाट सम्भावित कानुनी र वित्तीय प्रतिशोधको डर उसले व्यक्त गर्दै आएको छ। रुसले युरोक्लियरविरुद्ध मुद्दा हाल्ने घोषणा गरिसकेको छ।

यसैकारण बेल्जियमका प्रधानमन्त्री बार्ट डे वेभरमाथि शिखर सम्मेलनमा विशेष दबाब रहनेछ। अधिकांश ईयू सदस्य राष्ट्रहरूले योजनालाई समर्थन गरे पनि डे वेभरले जोखिम न्यूनीकरणका लागि असीमित ग्यारेन्टी र अन्य देशहरूमा फ्रिज भएका रूसी सम्पत्तिहरू पनि प्रयोग गर्नुपर्ने अडान राख्नुभएको छ।

ईयू अधिकारीहरूका अनुसार बेल्जियमको चिन्तालाई सम्बोधन गर्न बहुस्तरीय सुरक्षा उपाय र सदस्य राष्ट्रहरूको ग्यारेन्टी प्रस्ताव गरिएको छ। यद्यपि सैद्धान्तिक रूपमा भारित बहुमत प्रयोग गरेर बेल्जियमको आपत्ति बेवास्ता गर्न सकिए पनि त्यसलाई 'अन्तिम विकल्प' का रूपमा मात्र हेरिएको छ। इटालीकी प्रधानमन्त्री जर्जिया मेलोनीले 'यस्ता जटिल निर्णय जबर्जस्ती गर्न नसकिने' टिप्पणी गरेकी छिन्।

आयोगसँग वैकल्पिक योजना पनि छ, जसअन्तर्गत ईयूले आफ्नै स्रोतबाट युक्रेनलाई ऋण उपलब्ध गराउने व्यवस्था समावेश छ। तर यसका लागि सबै २७ सदस्य राष्ट्रको सर्वसम्मति आवश्यक पर्ने भएकाले हङ्गेरीको विरोधका कारण यो योजना हाल स्थगित अवस्थामा छ। यद्यपि बेल्जियम यस विकल्पलाई पुनर्जीवित गर्न इच्छुक देखिएको छ।

यसबिच, युद्ध अन्त्यका लागि अमेरिकाको कूटनीतिक प्रयास पनि ईयू छलफलको पृष्ठभूमिमा छ। ह्वाइट हाउसका अनुसार अमेरिकी र रूसी अधिकारीहरू यस सप्ताहन्तमा मियामीमा भेट्ने तयारीमा छन्। अमेरिकी पक्षबाट स्टिभ विटकफ र जारेड कुसनर सहभागी हुने अपेक्षा गरिएको छ भने रूसी पक्षबाट किरिल दिमित्रीभ रहने पक्का भएको छ।

युक्रेनले भने वासिङ्टनले ईयूलाई रूसी सम्पत्ति प्रयोग नगर्न दबाब दिएको आरोप लगाएको छ तर ईयूका अधिकारीहरूले यसलाई अस्वीकार गर्दै शान्ति प्रयासकै कारण कोष प्रयोगको आवश्यकता अझ स्पष्ट भएको बताउँछन्।

युक्रेनसँग सीमित समय मात्र बाँकी रहेको भन्दै कूटनीतिज्ञहरूले यस शिखर सम्मेलनबाट कुनै न कुनै सहमति निस्कने विश्वास व्यक्त गरेका छन्। "हामीले समाधान खोज्नैपर्छ," एक ईयू कूटनीतिज्ञले भन्नुभयो, "नेताहरू बिनानिर्णय बैठक टुङ्ग्याउँछन् भन्नेमा म अचम्मित हुने छु।"

# डोपिङ सूचीमा भारत फेरि पहिलो

नयाँदिल्ली, १८ डिसेम्बर (एएफपी)। विश्व एन्टी-डोपिङ एजेन्सी (वाडा) ले लगातार तेस्रो वर्ष भारतलाई विश्वव्यापी खेलकुद डोपिङ ठगीको सूचीमा सबैभन्दा खराब प्रदर्शन गर्ने देशका रूपमा घोषणा गरेको छ। वाडाले यसलाई भारतका लागि 'सन्देहास्पद ह्याट्रिक' को संज्ञा दिँदै गम्भीर चिन्ताको विषय भएको जनाएको छ।

अन्तर्राष्ट्रिय निगरानी निकाय वाडाले मङ्गलबार राति सार्वजनिक गरेको वार्षिक प्रतिवेदनअनुसार भारतको नेसनल एन्टी-डोपिङ एजेन्सी (नाडा) ले सन् २०२४ मा पिसाब र रगतका गरी सात हजार ११३ नमुना सङ्कलन गरेको थियो। तीमध्ये २६० नमुना डोपिङका लागि पोजिटिभ देखिएको प्रतिवेदनमा उल्लेख छ।

सन् २०३० को राष्ट्रमण्डल खेलकुद आयोजना गर्ने तयारीमा रहेको भारतका लागि यी निष्कर्षहरू ठुलो झट्काका रूपमा आएको छ। उक्त प्रतियोगिता सन् २०३६ को ओलम्पिक आयोजना गर्ने भारतको दीर्घकालीन महत्वाकांक्षातर्फको एक महत्वपूर्ण पाइला मानिन्छ।

प्रतिवेदनअनुसार गत वर्ष सबैभन्दा धेरै डोपिङ घटना एथलेटिक्समा देखिएका छन्, जहाँ ७६ खेलाडी पोजिटिभ फेला परेका थिए। त्यसपछि भारोत्तोलनमा ४३ र कुस्तीमा २९ डोपिङका घटना देखिएका छन्।

यसै वर्ष जुलाईमा अन्डर-२३ कुस्ती च्याम्पियन तथा पेरिस ओलम्पिक क्वार्टरफाइनलिस्ट रितिका हुडाले डोपिङ परीक्षणमा सकारात्मक नतिजा देखाएपछि उहाँलाई अस्थायी रूपमा निलम्बन गरिएको थियो। त्यस्तै, यस महिनाको सुरुमा भारतमा आयोजना भएको युनिभर्सिटी गेम्सका क्रममा डोपिङविरोधी अधिकारीहरूको कडा निगरानीका कारण केही खेलाडी भागेपछि केही ट्र्याक एन्ड फिल्ड प्रतियोगितामा एक जना मात्र खेलाडी प्रतिस्पर्धामा उत्रिएको रिपोर्टहरू पनि सार्वजनिक भएका थिए।

एक अर्ब ४० करोड जनसङ्ख्या भएको विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको देश भारत सन् २०२२ र २०२३ मा पनि डोपिङ ठगीको सूचीमा पहिलो स्थानमा रहेको थियो, जसले यो समस्या दीर्घकालीन रहेको देखाउँछ।

वाडाको प्रतिवेदनअनुसार सन् २०२४ मा फ्रान्स ९१ वटा सकारात्मक मामिलासहित सूचीमा अर्को उच्च स्थानमा रहेको छ भने इटाली ८५ मामिलासहित तेस्रो स्थानमा छ। रुस र संयुक्त राज्य अमेरिका दुवै ७६-७६ मामिलासहित त्यसपछि रहेका छन्। जर्मनीमा ५४ र चीनमा ४३ डोपिङका घटना दर्ता भएका छन्।

प्रतिवेदन सार्वजनिक भएपछि नाडा भारतले डोपिङविरुद्धको आफ्नो अभियानको बचाउ गरेको छ। नाडाले बुधबार जारी गरेको विज्ञप्तिमा स्पष्ट पार्दै भनेको छ, "हालका वर्षहरूमा भारतले आफ्नो एन्टी-डोपिङ ढाँचामा उल्लेखनीय सुदृढीकरण गरेको छ।" नाडाका अनुसार परीक्षणको सङ्ख्या मात्र बढाइएको छैन, खेलकुदमा डोपिङको जोखिम न्यूनीकरण गर्न शिक्षा र जनचेतनामा पनि विशेष जोड दिइएको छ।

नाडाले यसै वर्ष डिसेम्बर १६ सम्म सात हजार ६८ परीक्षण सम्पन्न भएको र तीमध्ये ११० नमुना पोजिटिभ देखिएको जानकारी दिएको छ।

अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) ले भारतमा प्रदर्शन बढाउने औषधिहरूको व्यापक प्रयोगप्रति चिन्ता व्यक्त गर्दै देशलाई आफ्नो आन्तरिक व्यवस्थापन सुधार गर्न आग्रह गरेको केही महिनापछि वाडाको यो प्रतिवेदन सार्वजनिक भएको हो। आइओसीले भारतको खराब डोपिङ रेकर्डलाई गम्भीर रूपमा लिएको सङ्केत दिएपछि भारतीय ओलम्पिक सङ्घले गत अगस्टमा नयाँ एन्टी-डोपिङ प्यानल गठन गरेको थियो।

यसका साथै भारत सरकारले खेलकुद क्षेत्रमा कडाइका साथ नियम कार्यान्वयन गर्न, परीक्षण पूर्वाधार विस्तार गर्न तथा 'खेलकुदको अखण्डताको उच्च मापदण्ड सुनिश्चित गर्न' नयाँ राष्ट्रिय डोपिङ विरोधी विधेयक पनि पारित गरिसकेको छ।

# परम्परागत चिकित्सामा सहयोग बढाउन भारत-अफगानिस्तान छलफलमा

नयाँदिल्ली, १८ डिसेम्बर (एएनआई)। अफगानिस्तानका जनस्वास्थ्य मन्त्री मावलवी नूर जलाल जलालीले भारत र अफगानिस्तानबिच परम्परागत चिकित्सा प्रणालीमा सहयोग बढाउन राज्यमन्त्री प्रतापराव जाधवसँग छलफल गरेको जनाएको छ। छलफलमा उनीहरूले शिक्षा, अनुसन्धान, नियमन र स्वास्थ्य सेवा वितरणमा आपसी सहयोगका लागि नयाँ मार्गहरूको लागि पनि ध्यान केन्द्रित गरेको उल्लेख गरिएको छ।

सामाजिक सञ्जाल एक्समा विवरण सार्वजनिक गर्दै मन्त्रालयले परम्परागत औषधिमा दोस्रो डब्ल्यूएचओ ग्लोबल समिटको अतिरिक्त बैठक भएको बताएको छ।

छलफल आयुर्वेद, युनानी र होम्योपेथी लगायत परम्परागत चिकित्सा प्रणालीहरूमा सहकार्य बढाउन केन्द्रित रहेको बताइएको छ।

मन्त्रालयले यस अन्तरक्रियाले समग्र र जन-केन्द्रित स्वास्थ्य सेवाको महत्वपूर्ण स्तम्भको रूपमा परम्परागत औषधि प्रवर्द्धन गर्न भारत र अफगानिस्तानको साझा प्रतिबद्धतालाई पुनः पुष्टि गरेको छ।

यसअघि, केन्द्रीय स्वास्थ्य मन्त्री जे.पी. नड्डाले बुधबार अफगानिस्तानका मन्त्री जलालीसँग फलदायी बैठक गरी मानवीय र स्वास्थ्य सेवामा ध्यान केन्द्रित गरेको बताइएको छ।

भेटका क्रममा भारतले द्विपक्षीय संलग्नताको प्रमुख स्तम्भका रूपमा औषधि र स्वास्थ्य सहायताको दीर्घकालीन आपूर्तिमा जोड दिँदै अफगानिस्तानका लागि मानवीय सहयोग जारी राख्ने आफ्नो प्रतिबद्धता जनाएको छ।

सहयोगको एक भागको रूपमा, क्यान्सर औषधि र खोपहरूको प्रतीकात्मक हस्तान्तरण गरिएको थियो।

# मिर्गौलाको पत्थरी निकाल्न प्रभावकारी उपचार विधिहरू

● डा. वेश अन्सारी

**मिर्गौलाको पत्थरी के हो ?**

मिर्गौलाको पत्थरी भनेको मिर्गौलाभित्र क्याल्सियम, युरिक एसिड, फस्फेट वा अन्य खनिज पदार्थहरू जम्मा भएर बन्ने कडा दाना वा ढुङ्गाजस्तो संरचना हो । यी पत्थरीहरू साना दानादेखि ठुला आकारसम्म हुन सक्छन् र कहिलेकाहीँ मूत्र नलीमार्फत बाहिर निस्कन नसक्दा तीव्र दुखाइ र अन्य समस्या उत्पन्न गर्छन् ।

**मिर्गौलामा पत्थरी कसरी हुन्छ ?**

शरीरमा पानीको कमी, अत्यधिक नुन वा प्रोटिनयुक्त खाना, वंशाणुगत कारण, मिर्गौलाको रोग वा युरिनमा रासायनिक असन्तुलन हुँदा पत्थरी बन्न सक्छ । पर्याप्त मात्रामा पानी नपिउँदा युरिन गाढा हुन्छ र खनिज पदार्थहरू क्रिस्टल भएर जम्न थाल्छन्, जसले पत्थरीको रूप लिन्छ ।


**कस्ता कस्ता लक्षण देखा पर्छन् ?**

सामान्यतया ढाड, कम्मर वा पेटको दायाँ-बायाँ भागमा तीव्र दुखाइ हुन्छ । पिसाब गर्दा पोल्ने वा रक्तमिश्रित पिसाब निस्कन्छ । यदि पत्थरी पिसाब नलीमा छ भने पिसाब गर्न समस्या हुने पनि हुन्छ । यसैगरी, पटकपटक बान्ता हुने, बारम्बार पिसाब लाग्ने, शरीरमा ज्वरो वा कमजोरी महसुस हुनु मिर्गौलाको पत्थरीका सङ्केत हुन् ।

**मिर्गौलाको पत्थरीको उपचार विधि**

मिर्गौलामा बन्ने पत्थरीको उपचार पत्थरीको आकार, स्थान, प्रकार र लक्षणको गम्भीरताअनुसार फरक-फरक हुन्छ । साना पत्थरीहरू कहिलेकाहीँ स्वाभाविक रूपमा पिसाबसँगै निस्कन सक्छन् भने ठुला पत्थरीका लागि चिकित्सकीय उपचार आवश्यक पर्छ ।

यदि पत्थरीको आकार ५ मिलिमिटरभन्दा सानो छ भने यसलाई प्राकृतिक रूपमा निस्किन मद्दत गर्न सकिन्छ । दिनमा कम्तीमा ३-४ लिटर पानी पिउँदा पत्थरी पिसाबमार्फत बाहिर निस्कन सजिलो हुन्छ । औषधि सेवन गरेर पनि सानो पत्थरी निकाल्न सकिन्छ । यसका लागि अल्फा ब्लकर (Alpha-blocker) औषधि पिसाब नली फराकिलो पार्न सहयोगी हुन्छ । तर, यी औषधिहरू चिकित्सकीय सिफारिसमा मात्र लिनुपर्छ । यस्तै चिकित्सकले सिफारिस गरेका पत्थरी पगाल्ने औषधिहरू (Stone-dissolving medicines) पनि सहयोगी हुन्छ ।




**ईएसडब्लूएल**

यो एक बिनाचिरा लगाइने आधुनिक उपचार हो । उच्च आवृत्तिका ध्वनि तरङ्ग (Shock Waves) प्रयोग गरेर पत्थरीलाई स-साना टुक्रामा तोडिन्छ । ती टुक्रा पिसाबमार्फत बिस्तारै बाहिर निस्कन्छन् । सामान्यतया १ से.मि. भन्दा साना पत्थरीमा यो विधि प्रभावकारी हुन्छ ।

**आरआईआरएस**

यदि पत्थरी मिर्गौलाबाट झरेर पिसाब नलीमा अड्किएको छ भने यो विधि प्रयोग गर्न सकिन्छ । डाक्टरले पिसाबको बाटो हुँदै Ureteroscope नामक उपकरण हाल्छन् । पत्थरी देखिएपछि लेजरको मद्दतले टुक्राएर निकालिन्छ । यसमा बिरामीको शरीरमा कुनै पनि प्रकारको शल्यक्रिया गर्नु पर्दैन । बिरामी केही दिनमै सामान्य जीवनमा फर्किन सक्छन् ।

त्यसैगरी, आरआईआरएस विधिबाट पनि मिर्गौलाको पत्थरी निकाल्न सकिन्छ । यो विधिमा युआरएसजस्तै आरआईआरएस स्कोप मुत्रथैलीबाट मिर्गौलासम्म हालेर लेजर प्रविधिले पत्थरीलाई सानो बालुवाको आकारमा टुक्राइन्छ । त्यसपछि ती टुक्राहरू आफैँ मुत्रनलीबाट पिसाब सँगसँगै बगेर जान्छन् । यो विधिबाट २ सेमिसम्मको पत्थरीको उपचार गर्न सकिन्छ । आरआईआरएस विधिको फाइदा भनेको शरीरलाई चिर्ने वा प्वाल पारिरहनु पर्दैन । बिरामी शल्यक्रिया गरेको भोलिपल्टै डिस्चार्ज गरी घर जान सक्छन् । आफ्नो दैनिकीमा फर्कन सक्छन् । यसलाई लेजर स्टोन सर्जरी पनि भनिन्छ । यो विधि अहिलेको अत्याधुनिक उपचार विधि हो ।

**पीसीएनएल**

यो ठुला वा गहिरा पत्थरीका लागि प्रयोग हुने विधि हो । यसमा ढाडको भागमा सानो चिरा पारेर विशेष ट्युबमार्फत क्यामेरा र उपकरण हालिन्छ । त्यसपछि पत्थरी टुक्राएर वा पूरै निकालिन्छ । सामान्यतया २ से.मि. भन्दा ठुला पत्थरीका लागि यो विधि अपनाइन्छ । तथापि, पछिल्लो समय नेपालमा मात्र हैन विश्वभर पीसीएनएल विधिलाई परिमार्जन गरी मिनी वा अल्ट्रा मिनी पीसीएनएल विधिबाट पत्थरी निकाल्ने गरिन्छ ।

त्यस्तै, कहिलेकाहीँ ओपन सर्जरी (Open Surgery) बाट पनि मिर्गौलाको पत्थरी निकालिन्छ । यसमा मिर्गौलामा ठुलो चिरा पारेर प्रत्यक्षरूपमा पत्थरी निकालिन्छ । ठुलो वा जटिल पत्थरीका लागि अन्तिम विकल्पका रूपमा मात्र प्रयोग गरिन्छ । यसले बिरामीलाई लामो समय अस्पतालमा बस्नुपर्ने, घाउ निको हुन लामो समय लाग्ने, सङ्क्रमणको जोखिम बढ्ने हुन्छ । यो निकै कम गरिने विधि हो ।

**ईसीआईआरएस विधि**

यो विधिबाट मिर्गौलाको पत्थरीको शल्यक्रिया गर्दा सुपाइन पीसीएनएल र आरआईआरएस दुवै विधि अपनाइन्छ । मिर्गौलाको जटील पत्थरीको शल्यक्रियाका लागि मात्र यो विधि अपनाइन्छ । यसमा स्ट्यागहर्ड पत्थरी तथा कडा पत्थरीहरू निकालिन्छ । यो विधिमा बिरामीको शरीरमा प्वाल पारेर लेजर विधिबाट पत्थरीलाई फुटाएर निकालिन्छ । यो विधि श्वासप्रश्वासका बिरामी तथा अत्यधिक मोटोपना भएका बिरामीहरूका लागि अत्यन्त उपयुक्त छ ।

**पीसीएनएल सर्जरीका फाइदाहरू के के हुन् ?**

शरीरमा ठुलो चिरा पारेर शल्यक्रिया गर्नुपर्दैन । शल्यक्रियाका बेला रक्तस्राव कम हुन्छ । ठुला घाउहरू नबनाइने हुँदा सङ्क्रमणको सम्भावना न्यून रहेको छ भने बिरामीलाई उपचारपछिको पीडा कम हुन्छ । सँगसँगै अस्पतालमा बसाइँ छोटो हुने भएकोले बिरामी छिट्टै दैनिक जीवनमा फर्कन सक्छन् ।

यहाँ हामीले बुझ्नुपर्ने महत्त्वपूर्ण कुरा भनेको यूआरएसएल, आरआईआरएस तथा पीसीएनएल यीमध्ये कुनै पनि विधिबाट पत्थरीको शल्यक्रिया गर्दा डिजे स्टेन्ट (Dj Stent) पाइप राख्नुपर्ने हुन्छ । यो पाइपमार्फत नै पत्थरीको ससाना टुक्राहरू निस्कन मद्दत गर्दछ । यो पाइप चिकित्सकको सल्लाहअनुसार दुई हप्तादेखि ३ महिनासम्म राखेर निकाल्नुपर्ने हुन्छ । बिरामीले आफ्नो शरीरभित्र यो पाइप छ भन्ने बिर्सनुहुँदैन । यदी समयमै यो पाइप निकालिएन भने बिरामीलाई पाइपसँग जोडिएका अन्य समस्याहरू उत्पन्न हुनसक्छन् ।

**अन्त्यमा,**

मिर्गौलाको पत्थरी समयमै पहिचान गरी उपचार नगरेमा गम्भीर जटिलता उत्पन्न हुन सक्छ । आधुनिक आरआईआरएस प्रविधिले अब पत्थरी हटाउने प्रक्रिया सजिलो, सुरक्षित र छिटो बनाएको छ । पर्याप्त पानी पिउनु, नुन र प्रोटिनको सेवन सन्तुलित राख्नु, नियमित स्वास्थ्य परीक्षण र नियमित शारीरिक ब्यायाम गर्नु मिर्गौला स्वस्थ राख्ने मुख्य उपाय हुन् । नेपाल मेडिकल कलेजमा माथि उल्लेखित तीन वटै विधिबाट मिर्गौलाको पत्थरीको शल्यक्रियाका लागि अत्याधुनिक स्वास्थ्य उपकरणसँगै दक्ष तथा अनुभवी युरोलोजिस्टहरू हुनुहुन्छ ।

*(डा. अन्सारी नेपाल मेडिकल कलेजका कन्सल्टेन्ट युरोलोजिस्ट, किड्नी ट्रान्सप्लान्ट सर्जन हुन् ।)*

## हार्दिक समवेदना



लक्ष्मीभक्त चवाल

जन्म : २०१०/०३/२४ निधन : २०८२/०८/२२

यस कुमारी माता चिम्नी भट्टा उद्योगका संस्थापक तथा समाजसेवी **लक्ष्मीभक्त चवाल**को दुःखद निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**कुमारी माता चिम्नी भट्टा उद्योग**

झौखेल, चा.न.पा.३, भक्तपुर



प्यालेस्टिनको गाजा सहरको पश्चिममा अवस्थित अल शाति शरणार्थी शिविरमा रहेका घाइते तथा सर्वसाधारण प्यालेस्टिनीहरू आँधी र बाढीबाट अत्यधिक पीडित भएपछि अस्थायी आवास र खाद्यान्न माग गर्दै प्रदर्शनमा बसेका प्यालेस्टिनीहरू डिसेम्बर १७, २०२५ का दिन । इजरायलले मानवीय सहायता र उपभोग्य वस्तु बोकेका गाडी पर्याप्त मात्रामा छिर्न नदिँदा गाजामा मानवीय विपत्ति कायम रहेको छ । *तस्बिर : सिन्ह्वा/रिजेक अब्देलजवाद*

**भक्तपुरमा...**

भक्तपुरको घरेलु उत्पादनको प्रयोग र खरिदमा जनतालाई उत्साहित गर्दै आएको उल्लेख गर्दै उहाँले नगरपालिकाले युवा लक्षित सीपमूलक तालिम सञ्चालन र युवा उद्यमशील ऋणको व्यवस्था गर्दै आएको बताउनुभयो ।

उहाँले घरेलु उद्योगहरूलाई सक्दो सहज ऋणको व्यवस्था गर्नु उपयुक्त हुने बताउनुभयो ।

भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले तीनदिने घरेलु मेला सफलताको शुभकामना दिँदै घरेलु उद्योगले स्थानीय उत्पादन प्रवर्द्धन गर्नुका साथै देशको आर्थिक विकासमा पनि महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

नेपाल घरेलु तथा साना उद्योग महासङ्घका उपाध्यक्ष चन्दनकृष्ण श्रेष्ठले उद्यमीहरूको उद्यम प्रवर्द्धनमा उद्यमीहरू नै सङ्गठित हुनुपर्ने बताउँदै स्थानीय सरकारको साथ र सहयोगले मात्र भक्तपुर घरेलु उद्योगहरू सञ्चालनमा सहजता मिल्ने बताउनुभयो ।

उक्त कार्यक्रममा उद्योग तथा वाणिज्य कार्यालयका कार्यालय प्रमुख रामप्रसाद कुस्मा, गो लोकका संयोजक वीरेन्द्र जति, पत्रकार महासङ्घ भक्तपुरका अध्यक्ष सुन्दर शिल्पकार, महिला उद्यमी समितिका अध्यक्ष कमलश्वरी खर्बुजाले पनि बोल्नुभएको थियो ।

मेलामा जुजु धौ, भादगाउँले टोपी, ख्वप बजी, घरबुना कपडा, काष्ठकला, हस्तकला, धातुकला, प्रस्तर कला, माटाका भाँडाहरू, कृषि उत्पादनहरू, तोरीको तेल, नेपाली अचार, पाउँका प्रकारहरू, नर्सरी तथा अन्य थुप्रै घरेलु उत्पादनहरूका साथै नेवारी खाजाका परिवार र च्याउका परिकारहरू राखिएको आयोजकले जनाएको छ ।

मेला पुस ३, ४ र ५ चैत बिहान १० बजेदेखि साँझ ६ बजेसम्म न:पुखु परिसरमा गरिने र प्रवेश शुल्क नि:शुल्क गरिएको आयोजकले जनाएको छ ।

**शासक...**

चालु पार्टी केन्द्रीय समितिले हेरफेर गर्नुपर्ने सबै विषय भएको दस्ताबेज जिल्ला र प्रदेशमा पठाइन्छ । त्यस दस्ताबेजमा जिल्ला र प्रदेशले बहुमत र अल्पमतको आधारमा आ-आफ्नो राय पठाउनुपर्ने हुन्छ । महाधिवेशनले पार्टीको नाउँ, चिह्न, सिद्धान्त, उद्देश्य, अन्यसँग संयुक्त मोर्चा आदिबारे बहुमतको आधारमा निर्णय गर्छ । केन्द्रीय समितिको दस्ताबेजको पक्ष र विपक्षअनुसार प्रदेश वा जिल्लाको बहुमतको आधारमा प्रतिनिधि छाने गरिन्छ । महाधिवेशनमा सहभागी बहुमत प्रतिनिधिको निर्णय महाधिवेशनको निर्णय हुनेछ । महाधिवेशनमा सशस्त्र सङ्घर्ष वा शान्तिपूर्ण आन्दोलन, सरकारमा जाने वा निर्वाचनलाई उपयोग गर्ने वा नगर्ने, पुँजीवादी दलहरूसँग मिलेर सरकारमा जाने वा नजाने, परराष्ट्र नीति आदिबारे पनि छलफल गरी निर्णय हुन्छ । देशको परिस्थितिअनुसार भूमिसुधार वा उद्योगधन्दाको विस्तार, बजेटमा यातायातलाई प्राथमिकता दिने हो वा शिक्षा, स्वास्थ्य, कृषि वा सेना-प्रहरी-कर्मचारीहरूको तलब बढाउने वा व्यापारीहरूलाई कर मुक्त गर्ने वा सरकारले पुँजी दिने आदिबारे छलफल हुन्छ । नेपालका शासक पार्टीहरूले उद्देश्य र नीतिमा नगई महाधिवेशनलाई नयाँ नेतृत्व चयनको रूपमा लिँदै छन् । यस्तै हो भने दलहरू दलहरू होइनन् व्यापारी दल हुनेछन् ।

हार्दिक समवेदना



जन्म
२००७/०८/०४

निधन
२०८२/०९/०१

यस समूहका सदस्य राधेश्याम लवजुका पूजनीय पिता **मुतीबहादुर लवजु**को दु:खद निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**११ गते बचत समूह**
**भक्तपुर**

हार्दिक समवेदना



जन्म: २००७/०८/०४
निधन: २०८२/०९/०१

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ७ इनाचो टोल बस्ने यस संस्थाका सदस्यता नं. ५५१ का सदस्य **मुतीबहादुर लवजु**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

**शरद बचत तथा ऋण सहकारी संस्था लि.**
जगाती, भक्तपुर, फोन नं. ०१-६६१०५४८, ९८६०५१३२१४

**ऋण चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना**

प्रकाशन मिति : २०८२/०९/०४

यस सहकारीबाट तपसिलमा उल्लेखित सदस्यले लिनुभएको ऋण कर्जाको यस संस्थासँग गरेको सम्झौताबमोजिम समय समयमा सहकारीलाई तिर्न बुझाउनुपर्ने सावाँ, ब्याज, किस्ता तथा ब्याजहरूसमेतको रकम नबुझाई संस्थासँग गरेको कर्जासम्बन्धी सर्त बन्देजहरू उल्लङ्घन गरेको हुँदा सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न बारम्बार मौखिक तथा लिखित रूपमा सूचना गर्दासमेत कर्जा भुक्तान नगरेको र 'मजदुर' पत्रिका राष्ट्रिय दैनिकमा मिति २०८१/०९/१६ गते पहिलो पटक कर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना, 'मजदुर' दैनिक पत्रिकामा मिति २०८१/११/०९ गते दोस्रो पटक कर्जा चुक्ता गर्नको लागि २१ दिने सार्वजनिक सूचना र 'मजदुर' दैनिक पत्रिकामा मिति २०८१/१२/१० गते तेस्रो पटक ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दासमेत उक्त कर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो कर्जाको बाँकी सम्पूर्ण रकम चुक्ता भुक्तान गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र तपसिलको ऋणीले अविलम्ब यस संस्थामा सम्पर्क राखी उक्त कर्जाको सम्पूर्ण बाँकी रकम भुक्तानी गराई सुरक्षणमा राखिएको आफ्नो सम्पत्तिको संरक्षण गर्नुहुनसमेत यसै सूचनाबाट अनुरोध गरिएको छ । उक्त मितिभित्र नतिरे नबुझाएमा सहकारी ऐन २०७४ तथा प्रचलित कानुनबमोजिम यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन तल उल्लेखित मिति, समय र स्थानमा यस संस्थालाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपसिलको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरूले समेत जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्रि गर्दा वा संस्था आफै सकार गर्दा साबिकमा संस्थाबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरा, हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गरिलियो भनी कहीं कतै उजुर बुजुर गर्न पाउनुहुने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा सहकारी ऐन २०७४ तथा प्रचलित कानुनअनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरूको अन्य चलअचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकि लेना रकम असुलउपर गरिने व्यहोरासमेत सम्बन्धित सबैलाई यसै सूचनाबाट जानकारी गराइन्छ ।

| ऋणीको नाम ठेगाना | धितो विवरण | ऋणीको फोटो | जग्गा धनिको फोटो |
| --- | --- | --- | --- |
| **ऋणीको नाम** : विक्रम कर्माचार्य<br>**ठेगाना** : भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका-१०<br>**बुबा** : कृष्णभक्त कर्माचार्य<br>**बाजे** : हर्षबहादुर कर्माचार्य | नवीन के.सी. खत्री नाउँमा रहेको भक्तपुर जिल्ला, चाँगुनारायण नगरपालिका वडा नं.६ स्थित कि.नं १०३५ को क्षेत्रफल ०-३-०-१.१९ (९७.७४ व.मि) भएको जग्गा । |  |  |

**लिलाम बिक्रीसम्बन्धी अन्य सर्त बन्देजहरू**

१. बोलपत्र आवेदन फारम यस संस्थाको कार्यालय जगातीबाट रु. १००- तिरी प्राप्त गर्न सकिने छ । बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अङ्क र अक्षरमा स्पस्ट उल्लेख गर्नुपर्नेछ ।
२. माथि उल्लेखित धितो सुरक्षणहरू सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि छुट्टाछुट्टै वा एकमुस्ट बोलपत्र पेस गर्न सकिनेछ । बोलपत्रका साथ आफूले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशत धरौटी रकम यस संस्थामा जम्मा गरेको सक्कल भौचर गोप्य शिलबन्दी बोलपत्रसाथ पेस गर्नुपर्नेछ । गोप्य शिलबन्दी बोलपत्र पेस गर्ने अन्तिम मितिसम्म यस संस्थामा आइपुग्ने गरी पेस गर्नुपर्नेछ ।
३. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले बाँकी सम्पूर्ण रकम संस्थाले तोकिदिएको समयभित्र बुझाई बोलकबोल गरेको सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनुपर्नेछ । सो म्यादभित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वत: जफत हुनेछ ।
४. स्वीकृत भएको बोलपत्रअनुसारको सम्पत्ति बोलपत्र दाताको नाममा नामसारी दाखिला खारेज गर्दा लाग्ने रजिस्ट्रेशन दस्तुर, विभिन्न करहरू तथा अन्य शुल्क इत्यादि बोलपत्रदाताले नै व्यहोर्नुपर्नेछ ।
५. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा नै सुरक्षित रहनेछ । बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा र समयमा लिलाम कार्य हुनेछ । बोलपत्रदाता र निजको प्रतिनिधि उपस्थिति नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्र रद्ध गरी बिनाब्याज धरौटी रकम फिर्ता दिइनेछ ।
७. अन्य सर्तहरू बोलपत्र फारममा उल्लेख गरिएबमोजिम हुनेछ ।

**बोलपत्र पेस गर्ने अन्तिम मिति** : २०८२ माघ ८ गते, कार्यालय समयभित्र
**बोलपत्र खुल्ने मिति** : २०८२ माघ ९ गते
**समय** : दिउँसो १:०० बजे
**लिलाम हुने स्थान** : शरद बचत तथा ऋण सहकारी संस्था लि.जगाती, भक्तपुर

**सिद्धि गणेश कर्नर** हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

**संस्थाको ३२औं स्थापना दिवस (पुस २९ गते) को अवसरमा हुने कार्यक्रममा सहभागी होऔं।**

**मानसिक रोगसम्बन्धी परामर्श तथा नि:शुल्क सुगर र रक्तचाप परीक्षण**
**मिति** : २०८२ पुस ५ गते, शनिबार
**समय** : बिहान ८ बजेदेखि १० बजेसम्म
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
**यातु गणेश सेवाकेन्द्र व्यवस्थापन उपसमिति**

**बचत तथा ए.आई. (AI) सम्बन्धी जानकारीमूलक कार्यक्रम**
**मिति** : २०८२ पुस १० गते, बिहीबार
**समय** : बिहान ७:३० बजेदेखि
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
**बचत उपसमिति**

**गुडपाक, पुस्तकारी तथा सुत्केरी मसला बनाउने तालिम**
**मिति** : २०८२ पुस १० गते, बिहीबार
**समय** : बिहान १०:०० बजेदेखि
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
**दर्ता शुल्क** : रु. ३००।- मात्र
**अन्तिम दर्ता मिति** : २०८२ पुस ९ गतेभित्र
*पुनश्च : तालिममा बढीमा २० जनामात्र सहभागी गराउने भएकोले पहिलो आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।*
**सेवाकेन्द्र व्यवस्थापन उपसमिति, तेखापुखु**

**अन्तर विद्यालय/सहकारी हाजिरीजवाफ प्रतियोगिता**
**मिति** : २०८२ पुस ११ र १२ गते
**दर्ता शुल्क** : रु. ३००।- मात्र
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
**अन्तिम दर्ता मिति** : २०८२ पुस ९ गते
**टोली सङ्ख्या** : १ टोलीमा ३ जनामात्र
**शिक्षा उपसमिति**

**एकहप्ते पुतली (Doll) बनाउने तालिम**
**प्रारम्भ मिति** : २०८२ पुस १४ गते सोमबार
**समय** : बिहान १०:०० देखि २:०० बजेसम्म
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
**दर्ता शुल्क** : रु. ५००।- मात्र
**अन्तिम दर्ता मिति** : २०८२ पुस १३ गते
**सहभागी सङ्ख्या** : बढीमा २० जनामात्र
**महिला तथा बालबालिका उपसमिति**

**एकहप्ते पिठोको परिकार सम्बन्धी पाक शिक्षा तालिम**
**प्रारम्भ मिति** : २०८२ पुस १३ गते, आइतबार
**समय** : बेलुका ४:३० देखि ६:३० बजेसम्म
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
**दर्ता शुल्क** : रु. ५००।- मात्र
**अन्तिम दर्ता मिति** : २०८२ पुस १० गते
*पुनश्च: तालिममा बढीमा २५ जना मात्र सहभागी गराउने भएकोले पहिलो आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।*
**लघुवित्त तथा बचत समूह परिचालन उपसमिति**

**संस्थाको परिवर्तित ऋण नीतिसम्बन्धी जानकारी एवं भेटघाट कार्यक्रम**
**मिति** : २०८२ पुस १५ गते, मङ्गलबार
**समय** : बिहान ८:३० बजेदेखि
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
**ऋण उपसमिति**

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्रयातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा